जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३४० • २०८१ साल बैशाख २६ गते बुधवार (8 May, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# अटोमेटिक पेस्तोलसहित नेपाली पक्राउ

**अनिल तिवारी**

वीरगञ्ज । नेपाल तर्फको सघन सुरक्षा जाँचलाई छल्दै भारतीय सीमामा स्वचालित (अटोमेटिक ) दुई थान पेस्तोलसहित एकजना नेपाली नागरिकलाई पक्राउ गरिएको छ।

मुलुकमै सबै भन्दा बढी चेकजाँच नाका भएको शंकराचार्य गेट अगाडिबाट स्वचालित हतियार भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले मंगलबार बरामद गरेको छ।

सीमावर्ती क्षेत्र वीरगन्ज-रक्सौल नाकाको मितेरी पुलबाट हतियारसहित एकजना नेपालीलाई पक्राउ गरिएको एसएसबीले पुष्टि गरेको छ । वीरगञ्जको भन्सार तर्फका आधा दर्जन चेंकजाँचहरु छल्दै भारत प्रवेश गरिरहेको अवस्थामा भारतीय एसएसबीले स्वचालित पेस्तोलसहित नेपालीलाई पक्राउ गरेको छ।

वीरगञ्जको रजतजयन्ती चोकदेखिसीमासम्मसशस्त्र,नेपालप्रहरी र भन्सारको आधा दर्जन चेकपोष्टहरु रहेका छन्। भारतीय एसएसबीले मितेरी पुलबाट सोमबार दिउँसो नवलपरासी जिल्लाको रजहर बस्ने २५ वर्षीय मनोज महर्जनलाई दुई थान पेस्तोलसहित पक्राउ गरेको छ।



वीरगञ्जबाट सीमावर्ती सहर रक्सौलतर्फ गइरहेका दुई जनालाई चेकजाँज गर्न खोज्दा हतियार फ्याकेर भाग्न थाले पछि हतियारसहित महर्जनलाई पक्राउ गरिएको एसएसबीका सहायक कमान्डेट गुलाब चौधरीले बताएका छन्।

मेड इन युएसए लेखिएको ९ एममको पेस्तोल १ थान र मेड इन जर्मनी लेखिएको ९ एमएमकै पेस्तोल १ थान तथा १ थान म्याग्जिनसहित महर्जनलाई पक्राउ गरिएको चौधरीले बताए। तर उनको साथमा रहेका नवलपरासीकै विवेक मल्ल ठकुरी भने फरार भएको उनले बताए । सहायक कमान्डेन्ट चौधरीका अनुसार, नेपालबाट २ जना हतियारसहित रक्सौल प्रवेश गर्न लागको पूर्वसूचनाको आधारमा एसएसबीको टोलीले चेकजाँच गर्न खोज्दा आरोपित महर्जन र ठकुरी डंकन हस्पिटल रोड तर्फ भागेका थिए।

त्यसक्रममा उनीहरुसंग रहेको हतियार सडक छेउको झाडीमा फालेका थिए। तीमध्ये महर्जनलाई एएसबीका जवानहरुले पक्राउ गरे पनि ठकुरी भने भाग्न सफल भएको बताइएको छ।

पेस्तोलसहित पक्राउ परेका महर्जनलाई प्रहरी थुनामा राखेर अनुसन्धान भइरहेको जनाउँदै चौधरीले फरार रहेका ठकुरीलाई पनि पक्राउ गर्ने प्रयास भइरहेको बताएका छन्।

## कार्यकारिणी र केन्द्रीय समितिको बैठक आज

# जसपा नेपाल अदालत जाने, जसपामा मन्त्रीका लागि खिँचातानी

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी(जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्वाचन आयोगको निर्णयविरुद्ध अदालतमा जाने बताएका छन्।

अमेरिका भ्रमणबाट सोमबार राति १ बजे स्वदेश फर्केका अध्यक्ष यादवले मंगलबार विहान प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'सित पार्टी विभाजनबारे छलफल गरेका छन्।

विभाजित भएर बनेको जसपालाई सरकारमा थप अवसर नदिन अध्यक्ष यादवले प्रधानमन्त्री प्रचण्डलाई आग्रह गरेको उच्चस्रोतले जनाएका छन् । प्रमुख सत्तासाझेदार दललाई विभाजन गर्न राज्य परिचालन हुनु दूर्भाग्यपूर्ण रहेको उनले प्रधानमन्त्री प्रचण्डलाई बताएको स्रोतले जनाएका छन्।

राजधानीमा उपलब्ध पार्टीका नेताहरुसितको छलफल पछि जसपा नेपालका अध्यक्ष यादवले गठबन्धन नछाड्ने र सरकारमा पनि रही रहने जनाएका छन्। उनले सरकारबाट हट्नु पर्ने कुनै कारण नभएको बताएका छन्।

प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीले नै पार्टी फुटाएको आक्रोश यादवमा रहे पनि सार्वजनिक रुपमा व्यक्त गरेका छैनन्। पार्टी कार्यालयमा भएको अनौपचारिक बैठकमा अन्य नेताहरुले आक्रोश व्यक्त गरेपनि अध्यक्ष यादव शान्त रहेको एकजना नेताले जनाए । सरकारबाट बाहिरिदा जसपालाई अवसर मिल्ने भएकाले अध्यक्ष यादव तत्काल सरकारबाट नबाहिरिने बताइएको छ।




उच्च स्रोतहरुका अनुसार पार्टी विभाजनको नेतृत्व गरेका अशोक राईलाई उपप्रधानमन्त्री बनाइने आश्वासन दिइएको छ । रञ्जु झा, प्रदीप यादव र वीरेन्द्र महतो पनि मन्त्री बन्न हतारमा देखिएका छन्। नवलकिशोर साह पनि उपप्रधानमन्त्रीको आकांक्षी रहेको बताइएको छ । राईले आफूलाई नभए श्रीमती सुशीला श्रेष्ठलाई सरकारमा सहभागी गराउने तयारीमा छन् । पार्टी बनेको तेस्रो दिन नै सांसदहरुले मन्त्रीका लागि पहल गर्न फरक फरक ढंगले राई माथि दबाब दिन थालेको स्रोतले जनाएका छन्।

स्रोतका अनुसार अध्यक्ष यादवले उनीहरुलाई सरकारमा सहभागी नगराउन प्रधानमन्त्री प्रचण्डलाई दबाबमूलक आग्रह गरिसकेका छन्।

विभाजित भएका सांसदहरुले प्रचण्ड नेतृत्वको सरकार ढाल्ने षडयन्त्रमा अध्यक्ष यादव लागेकाले गठबन्धन जोगाउन पार्टी विभाजन गरेको बताउँदै आएका छन् । गठबन्धन छाड्ने हल्ला निराधार र सर्वसधारणमा भ्रम फैलाउने दुष्प्रयास गरिएको अध्यक्ष यादवले सफाइ दिइसकेका छन्।

अध्यक्ष यादवले बुधवार विहान कार्यकारिणी समितिको बैठक बोलाएका छन् । त्यस लगतै साढे ११ बजे पत्रकार सम्मलेन हुने प्रवक्ता मनिष सुमनले बताए ।

निर्वाचन आयोगविरुद्धको आगामी निर्णय लगायतको विषयमा पार्टीले धारणा सार्वजनिक गर्ने प्रवक्ता सुमनले बताए।

पत्रकार सम्मेलनपछि पार्टीको केन्द्रीय समितिको बैठक बस्ने बताइएको छ । कार्यकारिणी समितिको निर्णयलाई केन्द्रीय समितिबाट अनुमोदन गराइने बताइएको छ।

केन्द्रीय समितिको बैठकबाट पार्टीमा रहेका र बाहिरिएका सदस्यहरुको संख्या यकिन गरी मनोबल उच्च बनाउन अध्यक्ष यादवले प्रयास गर्ने बताइएको छ।

संसदीय दल विभाजनसँगै गठन भएको जसपाको प्रभावलाई रोक्न जसपा नेपालले प्रदेश र जिल्ला स्तरमा संगठनका नेताहरुलाई सकृय बनाएको छ। मधेश प्रदेश समितिको मंगलबार बैठक सम्पन्न भएको छ।

मधेश प्रदेशका सभासदहरु संस्थापन पक्षमा नै रहने दृढता व्यक्त गरेका छन् । उनीहरुले नितान्त व्यक्तीगत स्वार्थका लागि पार्टीबाट अलग्गिएका अशोक राई लगायतका नेताहरुको राजनीतिक भविष्य नै समाप्त भएको टिप्पणी गरेका छन्।

अशोक राई लगायतले पार्टीलाई विभाजन गरेको दाबी गरे पनि उनीहरुसित कार्यकारिणी र केन्द्रीय समितिका सदस्यहरुको संख्या नगण्य रहेको कार्यकारिणी समितिका सदस्य समेत रहेका पूर्वमन्त्री विजय यादवले बताए।

'संसदीय दल विभाजन भएको देखिएको छ' उनले भने, 'तर निर्वाचन आयोगले पूर्वाग्रही भएर गैरकानुनी रुपमा हतार हतार मान्यता दिएको हो ।' पार्टीको आसन्न महाधिवेशन पनि निर्धारित समयमा नै हुने बताउँदै उनले भने, यस सम्बन्धमा कार्यकारिणी समिति र केन्द्रीय समिति बैठकले निर्णय लिने छ।

यही जेठ २८,२९ र ३० गते जनकपुरधाममा एकताको राष्ट्रिय महाधिवेशनको तयारी चलिरहेको थियो । पार्टी विभाजनपछि महाधिवेशनको तयारी रोकिएको छ। नेताहरु धमाधम काठमाण्डु आउन थालेका छन्।






# सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-९, बेंगाडाबरमा रहेको सार्वजनिक नमुना माध्यमिक विद्यालयले विद्यार्थी टिकाउन अंग्रेजी माध्यमबाट पढाउन थालेको छ । अंग्रेजी माध्यमबाट पढ्नका लागि विद्यार्थी निजी विद्यालयतिर जान थालेपछि त्यसलाई रोक्न अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्न थालिएको छ ।



प्रधानाध्यापक विश्वनाथ महतोले विद्यार्थी तथा अभिभावकको रोजाइलाई ध्यानमा राखेर अंग्रेजी माध्यमबाट पढाउन सुरु गरिएको बताए। विद्यार्थी र अभिभावकको चाहनाअनुसार आधुनिक युग सुहाउँदो शिक्षा प्रदान गर्न तथा विद्यार्थी आकर्षित गर्न यो नीति अपनाउनु परेको उनले बताए।

प्रधानाध्यापक महतोले भने, "अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरेपछि विद्यार्थी संख्या बढेको छ। अंग्रेजी माध्यमबाट पठनपाठन सुरु भएपछि संस्थागत विद्यालयमा भर्ना भएका बालबालिका पनि फर्किएका छन् । अंग्रेजी माध्यम पढ्ने विद्यार्थीले पुस्तक भने स्वयम्ले खरिद गर्नुपर्छ।"

अंग्रेजी माध्यमबाट पढाइ हुँदा राम्रो भन्ने बुझाइले गर्दा यहाँका अधिकांश विद्यालय दबाबमा रहेको उनको भनाइ छ । २०२१ सालमा स्थापना भएको यस विद्यालयमा साबिकका बेंगाडाबर, ढल्केबर, बटेश्वर गाविस र छिमेकी जिल्ला महोत्तरीबाट समेत विद्यार्थी पढ्न आउने गरेका थिए । तर पछिल्ला केही वर्षयता वरिपरीका क्षेत्रमा सामुदायिक तथा निजी विद्यालयको संख्या बढेपछि विद्यार्थीको संख्यामा कमी आउन थालेको थियो ।

प्रधानाध्यापक महतोले अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरेपछि एउटा कक्षा कोठामा विद्यार्थी नअटेपछि कतिपय कक्षामा दुईभन्दा बढी सेक्सन सञ्चालन गरिएको बताए । विद्यालयमा अहिले नौ सयभन्दा बढी विद्यार्थी रहेको बताउँदै उनले भर्ना हुने क्रम जारी रहेकाले विद्यार्थी संख्या अरु बढ्ने जानकारी दिए ।

अंग्रेजी माध्यमबाट पढ्न पाउँदा विद्यार्थी पनि खुशी देखिएका छन् । कक्षा आठमा अध्यनरत मन्जित मण्डलले बोर्डिङ स्कूलको जस्तो पढाई हुने गरेकाले खुसी लागेको बताए । यस्तै, मिथिला नगरपालिका क्षेत्रभित्र रहेका चुरे चाँदनी, आदर्श, जनता माध्यमिक लगायतका विद्यालयले पनि अंग्रेजी माध्यमबाट पढाउन सुरु गरेका छन्।

मिथिला नगरपालिकाकी शिक्षा शाखा प्रमुख सीता काफ्लेले नगर क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पढाउनु सुरु गरिएको बताइन् । सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन तथा युग सुहाउँदो शिक्षा प्रदान गर्न यो शैक्षिक वर्षमा शिशु कक्षादेखि दुई कक्षासम्म अंग्रेजी माध्यममा अध्यापन गर्ने व्यवस्थापन मिलाइएको उनले जानकारी दिए।

शिक्षा समितिको निर्णयबाट अंग्रेजी माध्यमबाट अध्यापन सुरु गरिएको बताउँदै शिक्षा शाखा प्रमुख काफ्लेले आउँदो वर्षदेखि क्रमश माथिल्लो कक्षा बढाउँदै लैजाने बताए। मिथिला नगरपालिकामा सात वटा मावि, नौ वटा निमावि र १२ आधारभूत विद्यालय गरी २८ वटा छन्।

अभिभावक मुकेश ठाकुरले सबै बालबालिकालाई सामुदायिक विद्यालयको पहुँचमा पुऱ्याउन अंग्रेजी माध्यमबाट पढाउन आवश्यक रहेको बताए । विद्यालयमा गुणस्तरीय शिक्षा भएमा सबै विद्यार्थी सामुदायिक विद्यालयमै पढ्ने उनले जानकारी दिए।

"निजी विद्यालयमा महँगो शुल्क तिर्नुपर्छ, सामुदायिकमा कुनै शुल्क तिर्नुपर्दैन, त्यसले गर्दा अभिभावकलाई आर्थिक भार नपर्ने भएकाले बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउनुपर्छ", अभिभावक ठाकुरले भने । उनले कक्षा १० सम्म अंग्रेजी माध्यममा पढाउनुपर्ने बताउँदै त्यसो गरेमा सामुदायिक विद्यालयप्रति आकर्षण बढ्ने बताए।

# लागूऔषध गाँजासहित भारतीय पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । लागूऔषध गाँजा लगिरहेको अवस्थामा प्रहरीले बरामद गर्दै एकजना भारतीयलाई महोत्तरीमा पक्राउ गरेको छ।

महोत्तरीबाट कारमा लुकाएर लैजाँदै गर्दा ५० किलो गाँजासहित कार चालक भारत कारलाई पुर्व-पश्चिम राजमार्गमा चेकजाँच गर्ने क्रममा जलेश्वर तर्फ भाग्न खोज्दा महोत्तरी प्रहरीले पक्राउ गरेको जनाएको छ।

सो क्रममा महोत्तरीको औरही नगरपालिका- ९ स्थित टिमकियामा पर्ने बर्दिवास-जलेश्वर सडकखण्डमा आरोपित अन्सारीलाई प्रहरीले




बिहार जिल्ला सितामढी ग्राम पुनौरा टोल ३ बस्ने ४५ वर्षीय सैयद अन्सारीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएके छ।

आरोपित अन्सारीलाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम र इलाका प्रहरी कार्यालय बर्दिवासबाट खटेको प्रहरीको संयूक्त टोलिले पक्राउ गरेको जनाइएको छ।

एम.एच. ४३ ए.बी. ५६६ भारतीय नम्बर प्लेटको नियन्त्रणमा लिएको थियो।

कारमा लुकाएर लगिरहेको ५० किलो लागुऔषध गाँजा बरामद गरेको महोत्तरीका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवारले जानकारी दिए।

पक्राउ परेका अन्सारीलाई लागूऔषध शिर्षक अन्तर्गत मुद्दा दर्ता गरी महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको उनले बताए।

# रेलमार्गको काम धमाधम

**टुडे समाचारदाता**

मलंगवा । राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माणको कामले गति लिन थालेको छ। सर्लाही, महोत्तरी र रौतहट खण्डमा तीव्रताका साथ रेलमार्गको ट्र्याक निर्माण भइरहेको छ। रेल योजना कार्यालय लालबन्दीका अनुसार अहिले महोत्तरीको बर्दिबासदेखि रौतहटको चौँचासम्म ट्र्याक निर्माणको काम धमाधम भइरहेको छ।




कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर भुवनेश्वर यादवले तीन वटै जिल्लामा बेस निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको जानकारी दिए । इन्जिनियर यादवले भने, "ट्र्याक निर्माणको काम अब धेरै बाँकी छैन। ९३ प्रतिशत प्रगति भइसकेको छ। जहाँ जहाँ काम बाँकी छ, त्यहाँ अहिले धमाधम अगाडि बढेको छ।"

यादवका अनुसार बर्दिबासदेखि चौँचासम्म ७० किलोमिटर रेलमार्गमा १६ वटा पुल पर्छन्। त्यसमध्ये १४ वटाको निर्माण कार्य पूरा भइसकेको छ। बाँकी दुई वटा पुलको काम पनि अन्तिम चरणमा पुगेको छ। दुई वटा पुलको काम तत्कालै सम्पन्न हुने अवस्था रहेको जनाइएको छ।

जग्गा अधिग्रहणसहितका सबै काम पूरा भएकाले अहिले रेलमार्ग निर्माणको काममा समस्या नरहेको रेल योजना कार्यालय लालबन्दीले जनाएको छ। इन्जिनियर यादवले भने, "महोत्तरीमा आर्थिक वर्ष २०७०/७१ मा र सर्लाही तथा रौतहटमा अलि पछाडिबाट काम सुरु भएको छ। पहिले मुआब्जा, रुख कटानलगायतको समस्या थियो तर अहिले सबै विवाद मिलिसकेकाले कामले गति लिएको छ।"

निर्माण सामग्रीको समस्याले बेला बेलामा भने रेलमार्गको ट्र्याक निर्माणमा समस्या पर्ने गरेको ठेकेदारका प्रतिनिधिले बताए । पूर्वपश्चिम विद्युतीय रेलमार्गको कुल लम्बाइ ९ सय ४५ किलोमिटर छ। सरकारले यसलाई राष्ट्रिय गौरवको आयोजनामा राखेर बर्सेनि बजेट विनियोजन गरी काम अगाडि बढाइरहेको छ।

# सप्तरीमा श्रृखंलाबद्ध चोरी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा श्रृखंलाबद्ध चोरी भएको छ। कतै दराजै उठाएर, त कतै घरपट्टीलाई सुतिरहेकै कोठामा थुन्दै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा सोमबार मध्यराति मा श्रृखंलाबद्ध चोरी भएको छ।

तीन वटा घरमा भएको चोरीको घटनामा चोरले लाखौंको धनमाल चोरेर लगेका छन् । तिलाठी कोइलाडी गाउँपालिका ६ बभनगामा टोलका रामनारायण यादवका १७ वर्षीय छोरा राकेशलाई उनी सुतिरहेकै कोठामा थुनेर बाँकी दुई कोठामा लाखौंको धनमाल चोरले चोरी गरेका छन्।



चोरीका बेला घरवाट डेढ सय मिटरको दूरीमा रहेको दलानमा सुतिरहेका रामनारायणका अनुसार घरबाट सुनको आठ आनाको गहना, चाँदीको ११ तोलाको गहना, नगद १ लाख ६१ हजार र अन्य केही सरसामान चोरी भएको छ।

चोरले छोरा राकेश सुतेको कोठामा बाहिरबाट चुकुल लगाई अन्य दुई कोठामा रहेको दुई वटा बाकस फुटाएर सो परिमाणको सम्पत्ति चोरी गरी लगेको उनले जनाए। घरमा एक जना मात्र भएको र उनलाई पनि थुनिदिएपछि चोरलाई चोरी गर्न सहज भएको उनले बताए।

उक्त घरदेखी झण्डै सय मिटरको दूरीमा रहेको श्यामनारायण यादवको घरवाट पनि ६० हजार रुपैयाँ बराबरको चोरी भएको छ । घरपट्टी श्यामनारायणका अनुसार चोरले बाकस फुटाएर नगद र सरसामान गरी ६० हजार बराबरको सम्पत्ति लगेका छन्।

सोमबार मध्यराति नै तिलाठी कोइलाडी गाउँपालिका ७ सडेपार निवासी देव सुनरैत यादवको घरमा पनि त्यस्तै प्रकृतिको चोरी भएको छ।

घरपट्टी देव सुनरैतले आफ्नो घरबाट ५० हजार नगद, लत्तकपडा र सुनचाँदीका गरगहना गरी २ लाख बराबरको धनमाल चोरी भएको बताए।

चोरले घरमा रहेको दराज उठाएर लगेको र घरदेखी झण्डै ७५ मिटरको दूरीमा रहेको बाँसघारीमा दराज फुटाएर सो परिमाणको सम्पत्ति चोरी गरेर लगेको उनले बताए।

गाउँमा एकै राति श्रृखंलाबद्ध चोरी भएपछि गाउँले त्रसित छन्। घटनाको खबर पाएपछि पुगेको प्रहरी टोलीले घटनाको अनुसन्धान तथा चोरीमा संलग्नको खोजीकार्य सुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# आगलागी पीडितलाई नगद हस्तान्तरण

**टुडे समाचारदाता**

सिरहा । सिरहाको मिर्चैया नगरपालिकामा आगलागीबाट पीडित भएका परिवारजनलाई राहतस्वरुप नगद रुपैयाँ हस्तान्तरण गरिएको छ।



जिल्लाको मिर्चैया-८ मा वैशाख २५ गते राती २ बजेको समयमा आगलागी हुँदा आधा दर्जन घर जलेर नष्ट भएपछि ३० जना व्यक्ति पीडित भएका छन्।

आगलागी घटना भएपछि मिर्चैया नगरपालिकाका मेयर श्रवण यादवले दुःख व्यक्त गर्दै पीडित परिवारलाई सान्तवनासहित जिविकोपार्जनका लागि राहतस्वरुप रकम हस्तान्तरण गरेका छन्।

मेयर यादवले मधेशमा गर्मीयाममा हावाहुरी चलेसंगै आगलागीका घटनाहरु ह्वातै बढ्नु चिन्ताजन रहेको बताए। उनले मधेशमा आगलागीका कारण आगलागीबाट पीडित भएका परिवारजनलाई विशेष प्याकेजसहित राहत वितरण गर्नका लागि मधेश प्रदेश सरकारसंग माग गरे।

उनले मधेशमा कयौं घरमा आगो लाग्दा जनताहरु विचल्लीमा परेकोले यसै वर्षमा व्यवस्थापन गर्न मधेश सरकारसंग माग गरे।

उनले आगलागीबाट आफु पनि बच्न र अरुलाई पनि बचाउँनका लागि घर-घरमा आगलागी हुन नदिनका लागि वडास्तरदेखि नै अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने बताए।

मेयर यादवको पहलमा भएको कार्यक्रममा सिरहाका प्रमुख जिल्ला अधिकारीले ६ घर परिवारलाई १५ हजार रुपैयाँ नगदस्वरुप राहत हस्तान्तरण गरेको थियो।

मिर्चैया- ८ मा आगलागी हुँदा विमलेश कुमार राय, कमलेश कुमार राय, जगत सदा, कमलेश सदा, सिटुर सदा, कारी सदाको घरमा राति भिषण आगो लागेर पुर्ण रुपमा ६ जना परिवारको घर पूर्णरुपेण जलेर नष्ट भएको थियो।

# आस्थमा दिवस मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रत्येक बर्ष जस्तै भै यस वर्ष पनि मइ महिनाको पहिलो मंगलबार विश्व आस्थमा दिवस जनकपुरधामसहित विश्वभर मनाइएको छ।

जनकपुरधाममा मंगलबार आस्थमा दिवसको अवसरमा आस्थमा रोग धुलोधुँवा, मौसम, वायू प्रदुषणलगायत विभिन्न कारणले स्वासप्रस्वास सम्बन्धी रोगले मानिसमा आस्थमा, दमा रोग संक्रमण बढ्दो रहेको भन्दै सो रोग संक्रमणबाट बच्न र बचाउनका लागि विभिन्न सावधानी अपनाउनका लागि पनि आस्थमा दिवस मनाइने गरिएको छ।

सो क्रममा प्रादेशिक अस्पताल जनकपुरधाममा कार्यरत डा. रामेश्वर महासेठले अस्थमा र दमा रोग संक्रमण बढ्दो क्रममा रहेको बताए। उनले यस रोगका कारण पाँचौ स्थानमा मृत्यु दरमा मुलुक रहेको बताए।

अहिलेको अभिलेख अनुसार १०.५ प्रतिशत मानिसमा दमा र आस्थमा देखिएको छ । यो रोग विभिन्न कारणले हुने गरेको छ, धुलो, मौसमी परिवर्तन लगायतका कारणले हुने गरेको उनको भनाइ छ।

यस रोगका कारण प्रत्येक वर्ष विश्वभर ४ लाख ५० हजार भन्दा बढी व्यक्तीको मृत्यु हुने गरेको तथ्यांक छ। यस रोगको रोकथामको लागि पहिलो पटक नेपाली औषधि उत्पादक कम्पनी एमडिएच फार्मासिटिकलले गुणस्तरीय ड्राइ पाउडर इनहेलर ल्याएकोमा चिकित्सकहरुले खुशी व्यक्त गरे।

ग्लोवल इनिसिएटिभ फोर आस्थमा नामक संस्थाले सन् १९९८ बाट मई महिनाको पहिलो मंगलबारको दिन सुरु गरेको विश्व आस्थमा दिवस मनाइएको छ।

# अवैध काठ बरामद

**टुडे समाचारदाता**

गौर । रौतहट स्थित प्रहरी र वन कार्यालयको टोलीले एक घरमा छापामारी गेरे अवैध सालको काठबाट बनेको झ्यालसहित चिरान काठ बरामद गेरेको छ।



डिभिजन वन कार्यालय रौतहटका सहायक अधिकृत राजेश साहको नेतृत्वमा र सब डिभिजन कार्यालय गैंडाटारका कर्मचारी र इलाका प्रहरी कार्यालय चन्द्रपुरको संयुक्त टोलीले गैंडाटार टोल स्थित एक घरमा छापामारी सालको तयारी झ्याल ८ थान र फली १४ थान बरामद गरेको छ।

बरामद काठहरू डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अघि बढाएको वन अधिकृत शैलेन्द्र कुमार मिश्रले बताए । बरामद काठको बजार मूल्य १ लाख २५ हजार बढी हुने डिभिजन वन कार्यालय रौतहटले जनाएको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘ती राजनीतिकर्मी र यी प्रधानाध्यापक वीरबल’

सिरहा। प्रजातन्त्र स्थापनापछि २०५४ जेठमा हुन लागेको दोस्रो स्थानीय निकायको निर्वाचनताका वीरबल यादव भर्खर २५ वर्षमा टेक्नुभएको थियो। कुशल शिक्षक बन्ने सपना बुनेर केही वर्षअघि ओखलढुङ्गाको राज्यलक्ष्मी मावि, उबुमा प्रवेश गरेका यादव हुँदाखाँदाको जागिर छाडेर जन्मस्थान सिरहाको बरियारपट्टि फर्किएको धेरै भएको थिएन। त्यहीबेला चुनावको सरगर्मी बढ्यो। राजनीतिक दलहरुले स्थानीयस्तरमा राम्रो प्रभाव भएका परिवार र धेरै मत बटुल्न सक्ने व्यक्तिको खोजी गर्दै थिए। शिक्षा सङ्कायबाट स्नातक (बिएड) पढेका थोरै युवामध्ये टाठाबाठा र जुझारु स्वभावका यादवमाथि धेरै पार्टीको नजर पर्‍यो। उहाँ नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट गाविस अध्यक्षको उम्मेदवार बन्ने माहोल बन्यो।

“शिक्षक बन्न हिँडेको मान्छे राजनीतिमा धेरै रुचि थिएन। साथीभाइले निकै जोड गरेपछि चुनावमा उम्मेदवार हुनैपर्ने भयो। उम्मेदवार त भइयो तर गाउँका क्लबहरुमार्फत समाजसेवा गरेको र विद्यालयमा पढाउनेबाहेक अर्को अनुभव थिएन। नभन्दै सबैको इमान्दार सहयोगबाट अध्यक्षमा निर्वाचित भइयो”, यादवले राजनीतिक जीवनको सुरुआती दिन सम्झनुभयो।

अध्यक्षमा निर्वाचित भएपछि हो यादवको राजनीतिक जीवन सुरु भएको। उहाँ आफ्नो राजनीतिक जीवनबारे भन्नुहुन्छ, “चाहेर वा नचाहेर राजनीतिमा प्रवेश गरिसकेपछि पढेलेखेका युवाप्रतिको भरोसा, विश्वास र अपेक्षाको दबाबमा थिएँ। त्यो भरोसा, विश्वास र अपेक्षालाई टुटाउने वा असफल हुने छुट मलाई थिएन। त्यसैले आफूले जानेको, बुझेको र क्षमताले भ्याएसम्म राम्रो गर्ने प्रयासमा लागेँ।”

उहाँ आफ्नो कार्यकालमा शिक्षा र कृषिलाई प्राथमिकतामा राखेर काम गरेको बताउनुहुन्छ। जिम्मेवारीका हिसाबले गाविस अध्यक्ष भए पनि अनुभव, रुचि र क्षमताका हिसाबले आफूलाई शिक्षा क्षेत्रभन्दा पर बस्न नसकेको बताउने यादवले अध्यक्ष भएकै बेला पनि स्वयम्सेवी शिक्षकको रुपमा पढाउन नछोडेको सुनाउनुभयो। “त्यो समयमा बजेट निकै कम थियो तर पनि आफू पढेको विद्यालयलाई मावि बनाउनैपर्ने आवश्यकता थियो। सोहीअनुसार विद्यालयको स्तरोन्नति गरियो तर पढाउने जनशक्तिको अभाव थियो। त्यही अभाव पूर्ति गर्न मलगायत अन्य केही साथीहरुले स्वयम्सेवी शिक्षकका रुपमा काम गर्‍यौँ”, यादवले भन्नुभयो। त्यसैगरी उहाँले सो क्षेत्रमा विकराल समस्याका रुपमा रहेको सिँचाइका लागि जनश्रमदानमार्फत गार्गन खोलामा कच्ची बाँध बाँधेर किसानको खेतसम्म पानी पुर्‍याएको बताउनुभयो।

**यसरी मोडिए राजनीतिमा**

विसं २०४४ मा सिरहास्थित चन्द्र माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा (एसएलसी) उत्तीर्ण यादवले भारतको विहार स्थित विहार इन्टर काउन्सिलबाट विज्ञान विषयमा प्लस टूसम्मको अध्ययन गर्नुभयो। पछि सूर्यनारायण सत्यनारायण मोर्बैत्ता यादव बहुमुखी क्याम्पस (सिरहा क्याम्पस) बाट शिक्षा सङ्कायबाट बिएडसम्मको अध्ययन गर्नुभयो। त्यसपछि उहाँल २०५२ देखि २०५४ सम्म ओखलढुङ्गाको राज्यलक्ष्मी मावीमा राहत शिक्षकका रुपमा अध्यापन गराउनुभयो। यो यादवको अध्यापन यात्राको सुरुआती थियो।



तीन वर्षदेखि एसएलसीमा कोही पनि उत्तीर्ण नभइरहेको अवस्थामा विद्यालय प्रवेश गरेका नवप्रवेशी यादवमाथि स्थानीय अभिभावक र सहकर्मीहरुको आशा थपियो। सानैदेखि आफ्नो जिम्मामा आएको काम जसरी पनि फत्ते गरिछाड्ने सङ्कल्पसहित डटेर लाग्ने स्वभावका यादवले त्यही निष्ठाका साथ काम गर्नुभयो। अन्ततः उहाँलगायत सहकर्मीको योगदानका कारण विद्यालयसँग जोडिएको पहिलो वर्षमै १७ जना विद्यार्थीमध्ये १५ जना उत्तीर्ण भएको उहाँले बताउनुभयो। “माध्यमिक तहमा गणित, विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षालगायत मुख्य विषय मैले नै पढाउनुपर्ने भयो। कक्षा १० मा मात्र मैले पाँच विषय पढाउनुपर्ने भयो। शिक्षक अभावका कारणले मात्रै होइन, त्यसलाई ममाथिको भरोसाका रुपमा लिएर काम गरे। यसकारण लगातार तीन वर्षदेखि एसएलसीमा शून्य नतिजा ल्याइरहेको विद्यालयबाट म जोडिएको वर्षमै १७ जनामा १५ जनाले उत्तीर्ण भएपछि त्यसको जस मलाई नै आउने स्थिति बन्यो”, यादवले राससँग भन्नुभयो।

यादवकै भरमा वैकल्पिक विषयका रुपमा इच्छाधीन गणित थपियो। विद्यालयले राम्रो नतिजा ल्याउने मात्रै होइन कतिपय विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भए। राम्रो नतिजा ल्याउन थालेपछि त्यसको जस जति यादवलाई दिने अवस्था बन्दा सहकर्मीमध्येकै केहीलाई मन परेन। एकदिन तिनैमध्येका एक सहकर्मी शिक्षकसँग झगडा भएपछि भने यादवको जीवनले अर्को मोड लियो। “म सबै कुरा त्यागेर विद्यालयको हित नै मेरो हित हो भनेर खटिएको थिएँ। एउटै कक्षामा पाँचवटा विषयसम्म अध्यापन गराएँ। अरुको भन्दा मेरो विषयमा राम्रो नतिजा आएपछि समग्रमा विद्यालयकै नतिजा सुध्रियो”, यादवले मलिन मुद्रामा भन्नुभयो, “तर एक दिन स्थानीय सहकर्मी शिक्षकले मसँग निहुँ खोजेर झगडा गरे। चित्त दुखाउने शब्द प्रयोग गरे। त्यसै दिन हो यो समाजका लागि यति धेरै मेहनत गर्दा पनि कदर नहुने रहेछ भनेर चित्त दुःखाएर आफ्नै गृहजिल्ला फर्किएको।” त्यहीँ परिघटनाले एउटा शिक्षक एकाएक राजनीतिकर्मी र त्यसमा पनि गाउँपालिकाको अध्यक्ष बन्ने अवस्था आएको यादवको भनाइ छ।

**त्यसपछि मूल पेसामै फर्किए**

यादवले राजनीति सुरु गरे पनि आफ्नो लगाव शिक्षा क्षेत्रबाट कहिल्यै अलग नभएको बताउनुभयो। त्यसमा पनि भर्खरै बामे सर्न थालेको प्रजातान्त्रिक व्यवस्थामा मौलाएको अस्वस्थ राजनीतिक प्रवृत्तिले राजनीतिमा रहिरहने लोभ कहिल्यै जाग्न नदिएको उहाँको भनाइ छ। “भन्न त राजनीति पेसा होइन सेवा हो भन्छन् तर अधिकांश राजनीतिकर्मीले बाँचिरहेको जीवनसँग यो भनाइको तालमेल नै हुँदैन। मैले चाहिँ भन्नलाई एउटा र बाँच्नलाई अर्को गरी दुईटा जीवन बाँच्न सकिन। त्यसैले त हुँदाखाँदाको राजनीतिक जीवनलाई चटक्क छाडेर हिँडे”, यो प्रसङ्गको शुभारम्भमै वीरवल यादवले भन्नुभयो।

सिरहाको बरियारपट्टि गाउँपालिका–३ स्थित श्री जनता मावि (प्रविधिक धार) को नेतृत्व अर्थात प्रधानाध्यापकको जिम्मेवारीमा यादव हुनुहुन्छ। २०६७ सालदेखि उहाँले यस विद्यालयमा प्रवेश गर्नुभएका थियो। सोही विद्यालय खोज्दै त्यहाँ पुगेका हामीसँग उहाँले सुरुमै राजनीतिको कुरा उप्काएपछि सोध्नै पर्‍यो, त्यसो भए राजनीति छोडेर फेरि शिक्षण पेसामै फर्किने मोड चाहिँ कसरी आयो? जवाफमा यादवले २०५२ सालमा शिक्षा सेवा आयोगको परीक्षा दिएको र त्यसको नतिजा भने अध्यक्षको कार्यकालको सकिने बेला आएकाले फेरि रुचि र आफ्नो अनुभवकै क्षेत्रमा फर्किने अवस्था बनेको बताउनुभयो।

उहाँ भन्नुहुन्छ, “मन शिक्षामा थियो तर भूमिका राजनीतिकर्मीका रुपमा गाविस अध्यक्षको थियो। न यो पद स्थायी हो न त राजनीति मेरो स्वभाव सुहाउँदो छ भन्ने बुझाइ बदलिएको थियो। त्यसैले अध्यक्षमा बहाल रहेकै बेला अन्तर्वार्ता दिन गएको थिएँ। यसमा तत्कालीन शिक्षक र अहिले सुखीपुर नगरपालिकाका प्रमुख रामअवतार यादवको ठूलो भूमिका छ।” नभन्दै अध्यक्षको कार्यकाल सकिएको दुई वर्षपछि आएको नतिजामा यादव उत्तीर्ण हुनुभयो। सुखीपुर नगरप्रमुख यादवकै सल्लाहबमोजिम २०६० सालमा स्थायी नियुक्ति लिएर अध्यापन यात्रा पुनः सुरु गरेको यादवले स्मरण गर्नुभयो। उहाँको स्थायी शिक्षण कर्म सोलुखुम्बुको देउसा माविबाट सुरु भयो। त्यहाँ करिब सात वर्ष बिताएका यादवले चार वर्ष प्रअ भएर नेतृत्व गर्नुभयो तर पछि हालको विद्यालयमा सरुवा भएर आउनुभयो।

“मैले सात कक्षासम्म पढेको विद्यालय हो यो। यहाँ मावि तथा उच्च शिक्षा नहुँदा अन्यत्र जानु पर्दाको पीडा नजिकबाट भोगेको छु। त्यसैले गाविस अध्यक्ष हुँदा मावि बनाएको विद्यालयलाई उच्च मावि बनाउने मेरो पहिलो प्राथमिकता थियो”, यादवले भन्नुभयो, “त्यसैका लागि साढे नौ कट्ठा जमिन किन्न र बाँकी थपथाप गर्नमा जोड दिएर करिब दुई विघा जग्गा पुगाइयो। त्यसपछि यहाँ कक्षा १२ सम्म शिक्षा, वाणिज्य, कृषि, विज्ञान समूह विस्तार गरी अध्ययन अध्यापनको काम सुरु भएको छ।” यादव सो विद्यालयमा मावि तहको एक्लो स्थायी शिक्षक हुनुहुन्छ। सो विद्यालयमा उच्च मावि तहमा निजी स्रोत तथा राहतमा अनुदानमा नौसहित कूल ३२ जना हुनुहुन्छ। त्यहाँ मावि तहमा साढे १४ सय र उच्च माविमा तीन सय जना गरी साढे १७ सय विद्यार्थी अध्ययनरत छन्।

**मुसहर बालबालिकालाई शिक्षासंग जोड्ने सपना**

बरियारपट्टि अर्थात् विद्यालय वरपर यादव समुदायको बाहुल्यता भए पनि अन्य समुदायको पनि मिश्रित उपस्थिति छ। करिब सय घर परिवार त मुसहर समुदायका मात्रै छन्। ती परिवारबाट विद्यालय जाने बालबालिकाको स¤्या करिब ३५ जना मात्रै छ। त्यो पनि प्रअ यादवलगायतको मेहनतबाट सम्भव भएको हो। “मुसहर समुदायका बालबालिका विद्यालय आउने अवस्था नै थिएन। आठ/दस वर्षको उमेरमा विद्यालय आउने र प्राथमिक तहभन्दा माथि पढ्नै नचाहने प्रवृत्ति छ”, यादव भन्नुहुन्छ, “हातहातमा मोबाइल छ तर कापी कलम किन्ने पैसा छैन भनेर अभिभावकले बहानाबाजी गर्ने र पैसा कमाउन भारत पठाउने समस्या त्यो समुदायको ठूलो समस्या हो। अहिले मुस्किलले ३०/३५ जनालाई विद्यालयमा टिकाएका छौँ।”

सो क्षेत्रमा मुसहर समुदायबाट एसएलसी उत्तीर्ण गर्ने एक जना मात्रै छन्। यादवलगायतकै पहलमा वर्षको रु ३० हजार छात्रवृत्ति पाउने गरी पठनपाठनको व्यवस्था मिलाउँदासमेत ती विद्यार्थी १२ कक्षाको परीक्षाकै मुखमा भागेर पञ्जाव गएको घटनाले उहाँलाई अहिले पनि पिरोलिरहेको छ। यादवको दुःखेसो छ, “शिक्षाबिनाको जीवन कहिल्यै माथि उठ्न सक्दैन। यो कुरा जति बुझाउने प्रयास गर्दा पनि मुसहर बस्तीका अभिभावकले बुझ्दैनन्। सरकार र सरोकारवालाले बालबालिकालाई विद्यालयमा टिकाउन मुसहरबस्तीका अभिभावकलाई जीविकोपार्जनको आधार तयार गरिदिनुपर्ने आवश्यकता छ।”

हुन त यादवले विद्यालयको भौतिक अवस्था सुधारमा मात्रै ध्यान दिनुभएको छैन। गुणस्तरीय शिक्षाका लागि सहकर्मीसँगै आफू पनि अहोरात्र खटिरहनुभएको छ। त्यसैको परिणामस्वरुप गत वर्षसम्म सो विद्यालयबाट उत्तीर्ण १२ जनाले लोक सेवा र चार जनाले शिक्षक सेवामा नाम निकालेका छन्। विद्यालयको शैक्षिकस्तर माथि उठाउन उहाँको अधिकांश समय विद्यालयमै बित्छ। त्यसक्रममा विद्यालयका सहयोगीदेखि सहकर्मीसम्म, विद्यालय व्यवस्थापन समितिदेखि समाजका अगुवाहरुसँग विद्यालय सुधारका योजनाबारे छलफल गर्नुहुन्छ। त्यही छलफलको निष्कर्षस्वरुप प्रविधिमैत्री शिक्षण सिकाइ, स्मार्ट बोर्ड, प्रोजेक्टरजस्ता विद्युतीय सामग्रीको प्रयोग, त्यसका लागि शिक्षकलाई १५ दिने तालिमजस्ता कार्य अगाडि बढेका छन्।

बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतो प्रअ यादवले विद्यालयको सुधारका लागि बनाउने सम्पूर्ण योजनामा आफूहरुको भरपुर सहयोग रहने बताउनुहुन्छ। “उहाँको लगाव देखेर हामी पनि उत्साहित छौँ। सबैको सल्लाहअनुसार चालु आर्थिक वर्षमै स्नातकसम्म स्तरोन्नति गर्न रु एक करोड बजेट विनियोजन गरिएको छ”, उहाँले भन्नुभयो।

वरिष्ठ पत्रकार रामरिजन यादव पनि सिरहाको दक्षिणी भेग र विशेषगरी हुलाकी सडक क्षेत्रको शिक्षा सुधार गर्न प्रधानाध्यापक यादवको पहलकदमी र योगदानबाट आफू पनि निकै प्रभावित भएको बताउनुहुन्छ। “उहाँ राजनीतिक चेत भएको एक कुशल शिक्षक हो, त्योभन्दा बढी शिक्षाप्रति उहाँको एक प्रकारको ‘पागलपन’ छ, त्यसले बरियारपट्टिको यो क्षेत्रमा शिक्षा बलियो जग बसाल्न भूमिका खेलेको छ”, यादव भन्नुहुन्छ, “यहाँका अभिभावक, बुद्धिजीवी तथा अगुवा व्यक्ति सबैसँग समन्वयगरी अगाडि बढ्ने उहाँको बानिले हामीलाई पनि सहयोग गर्न बाध्य बनाएको छ।”

यादव अवकाश हुन अब चार पाँच वर्षमात्रै बाँकी छ। त्यसअघि उच्च माविलाई क्याम्पस बनाएर गुणस्तरीय शिक्षाको जग बलियो बनाउने उहाँको सपना छ। इमान्दार प्रयत्न गर्दा जुनसुकै पेसा पनि राम्रो हुने धारणा राख्ने यादव राजनीति भने शिक्षण पेशाभन्दा कठिन रहेको बताउनुहुन्छ। सामाजिक चेतना, शैक्षिकस्तर र जागरणका हिसाबले पहिलेको राजनीति तुलनात्मक रुपमा सहज भए पनि अहिले थप जटिल बन्दै गएकाले राजनीति छोड्दा कहिल्यै पछुतो नलागेको उहाँले बताउनुभयो।रासस

# साना तथा घरेलु उद्योग कार्यालयमा मन्त्रीको छड्के



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका नवनियुक्त उद्योग वाणिज्य तथा पर्यटन मन्त्री युवराज भट्टराई अहिले एकस्नमा देखिएका छन्। मन्त्री भट्टराईले आफ्नो पहिचान लुकाउने गरी अनुहारमा मास्क लगाएर सेवाग्राही रहेको भन्दै काम गराउने नाममा कर्मचारीलाई भेटेर काम कारबाही बारे जानकारी लिएर छड्ने मार्ने र समस्या देखिएमा तत्काल चेतावनीसहितको कारबाही दिने गरेका छन्।

मन्त्री भएपछि उनी विभिन्न जिल्ला मुकाममा रहेको मातहतका कार्यालयको कामकाजको अवस्थाबारे गुनासो आएपछि छड्के मार्नमा व्यस्त छन्।

मन्त्री भट्टराईले मंगलबार महोत्तरीस्थित घरेलु तथा साना उद्योग कार्यालयमा सेवाग्राही बनेर छड्के गरेका छन्।

मन्त्री भट्टराई कार्यालय खुल्ने समय विहान १० बजे नै जलेश्वरस्थित घरेलु तथा साना उद्योग कार्यालयमा पुगेर छड्के तथा अनुगमन गरेको छ। सो कार्यालयमा छड्के गर्ने क्रममा कार्यालय सहयोगी बाहेक कोही पनि आएका थिएनन्। मंगलबार विहान साढे १० बजे पछि कर्मचारीहरु कार्यालयमा हाजिर भएको थियो।

ढिला गरी आएका कर्मचारीहरुलाई कार्यालय समयमै हाजिर हुनका लागि निर्देशन दिँदै सतर्कतासहितको चेतावनी समेत मन्त्री भट्टराईले दिएको मन्त्रीको नीजि सचिवालयले जनाएको छ।

यसअघि मन्त्री भट्टराईले जनकपुरधामस्थित घरेलु तथा साना उद्योग कार्यालय धनुषामा पनि छड्के मारेको थियो।

मधेश प्रदेशको सबै जिल्लामा छड्के तथा अनुगमन अभियानमा रहेको भन्दै मन्त्री भट्टराईले मातहतको कार्यालयलाई सेवाग्राहीप्रति कर्तव्यनिष्ठ बनाउनका लागि योजना अनुसार कारबाही प्रक्रिया अघि बढाइने बताए।

# सदगुरु कवीर संत सम्मेलन सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। सदगुरु कवीर संतहरुको दुइदिने सम्मेलन सम्पन्न भएको छ।

धनुषाको विदेह नगरपालिका वार्ड नं ८ स्थित वफैमा वैशाख ७ र ८ गते दुईदिन सम्मेलन भएको हो।

कार्यक्रममा कवीर सद् दिया महामण्डल नेपालका अध्यक्ष प्रोफेसर दुखी साहेवको प्रमुख आतिथ्यतामा भएको सम्मेलनमा भोला साहेव, रामचन्द्र साधक,ललित साहेव,कमल साहेव,प्रदिप दास वैरागी लगायतको सहभागीता रहेको थियो।

मनु साहेव वैरागीको अध्यक्षतामा भएको सम्मेलनको वेचन साहेव मंच संचालन गरेका थिए।

त्यसैगरि वैशाख ५ र ६ गते सिरहाको कल्याणपुर नगरपालिका ८ मझाउमा सदगुरु कविर सतसंग समारोह पनि सम्पन्न भएको कमल साहेवले जानकार्िर दिएका छन्।

# सरकार जतिसक्दो चाँडो सञ्चारसम्बन्धी ऐन ल्याउने तयारीमा छ : सञ्चारमन्त्री




काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकार जतिसक्दो चाँडो मिडिया काउन्सिल, सामाजिक सञ्जालसम्बन्धी र आमसञ्चारसम्बन्धी ऐन ल्याउने तयारीमा रहेको बताउनुभएको छ। मंगलबार आयोजित सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिको छलफलमा आफ्नो धारणा राख्दै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री शर्माले मिडिया काउन्सिल विधेयक राष्ट्रिय सभामा छलफलको क्रममा रहेको र अन्य विधेयक पनि ल्याउने क्रममा रहेको बताउनुभयो।

मन्त्री शर्माले ‘सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक’को ६ नं बुँदामा उल्लेख गरिएको परिषद् गठनबारे प्रस्ट पार्दै परिषद्को नेतृत्व सञ्चार मन्त्रालयले नै लिनुपर्नेमा जोड दिनुभयो। परिषद्को अध्यक्ष सञ्चार तथा सूचना प्रविधिमन्त्री वा राज्यमन्त्री हुने र अन्य सम्बन्धित मन्त्रालयका सचिव र अन्य सम्बन्धित निकायका प्रतिनिधि सदस्य रहने गरी अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो।

“विधेयक एक ढङ्गले आयो, हामीले विकसित देशको उदाहरण पनि दिइरहेका छौँ, तर हामी हाम्रो सन्दर्भमा छौँ, हामीले अहिलेसम्म पनि सार्वजनिक सेवा प्रसारणको अभ्यास गरेका छैनौँ, धेरै वर्षभयो, यो विधेयक समितिमा छ, राष्ट्रिय सभामा उत्पत्ति भएर यहाँ आएको सन्दर्भ पनि हो, त्यसकारण हामीले अरुको देखासिकी गर्नेभन्दा पनि हाम्रो सन्दर्भमा काम गर्नुपर्ने हुन्छ”, मन्त्री शर्माले भन्नुभयो। सरकारप्रति अविश्वासभन्दा पनि विश्वास गरेर अगाडि बढ्नुपर्ने उहाँको धारणा थियो।

सञ्चार मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले समग्र कानुनलाई समेट्नेभन्दा पनि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभ्ने हिसाबले सार्वजनिक सेवा प्रसारण विधेयक ल्याएको उल्लेख गर्दै सञ्चार मन्त्रालयलाई नै विश्वास गरेर जिम्मेवारी दिनुपर्ने धारणा राख्नुभयो।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# फुट्नु दूर्भाग्यपूर्ण

जनता समाजवादी पार्टी(जसपा)नेपाल महाधिवेशनको मुखमा विभाजित भएकोछ । ऐन, कानुन, दवाव, प्रभावहरुको विषयमा छलफल भइरहने छ। तर कुनै पनि दलका सांसदहरुलाई प्रलोभनमा पारेर दललाई विभाजित गर्ने खेलमा लाग्नु सर्वथा अनुचित हो । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव विदेशमा रहेको बेला उनका दलका बहुमत सांसदलाई प्रलोभनमा पारेर पार्टी विभाजन गराउने प्रकृया लोकतान्त्रिक होइन् । संघीयता र पहिचानका लागि निरन्तर लड्दै आएको दललाई विभाजन गर्नेहरुको चरित्र पनि उदांगो भएको छ। मधेशको मतबाट सांसद बनेकाहरुले मधेशीलाई नै ठूलो घात गरेका छन् । उनीहरुले जसपा नेपाललाई नै कब्जा गर्न सक्ने अवस्था पनि थियो । अध्यक्ष उपेन्द्र यादवप्रति पार्टीमा चरम असन्तुष्टि थियो । उनले एकलौटी गर्न खोजेको आरोप पनि असत्य थिएन् । तर पार्टी विभाजित गर्नु भन्दा उपेन्द्र यादवलाई नै पदमुक्त गर्ने वातावरण पार्टी भित्र बनाएको भए नकारात्मक सन्देश प्रवाह हुने थिएन् । पार्टीमा असन्तुष्टि रहेको भेउ पाएर पनि अध्यक्ष यादवले अटेर गरेकै थिए । उनले सबैको पार्टीलाई आफ्नो बनाउने सोचलाई विकसित गर्न सकेनन् । आफ्नो पार्टीलाई सबैको पार्टी बनाउन पनि चाहेनन् । उनको पक्षमा अझैपनि जनमत नभएको होइन् । सप्तरी जिल्लाबाट उनी प्रतिनिधि सभाको चुनावमा नराम्ररी पराजित भए । तर बारा जिल्लाबाट उनी भारी मतले निर्वाचित भए । राष्ट्रिय राजनीतिमा अध्यक्ष यादवको आवश्यकता छ ।उनी राष्ट्रिय राजनीतिमा रहनु पनि पर्छ । तर उनले पनि सौँचलाई फराकिलो बनाउनु पर्छ । उनले एजेण्डा बनाएका पहिचानलाई कायम राख्नुपर्छ । पहिचानका लागि तराई, पहाड र हिमालमा लडनेहरुलाई एकबद्ध गर्नुपर्छ । उनी त्यस तर्फ ध्यान दिनु भन्दा ३ हजार मत समेत सांसदमा ल्याउन नसक्ने राजेन्द्र श्रेष्ठ, चुनावमा मुश्किलले एक पटक जित्ने अशोक राईलाई पुरस्कारमा श्रीमतीलाई समेत सांसद बनाउने ठूलो भूल नगरेको भए जसपा विभाजन सम्म पुग्ने थिएन् । अध्यक्ष यादवले अर्को गल्ती वीरेन्द्र महतो र नवलकिशोर साहलाई मन्त्री बनाएर पनि गरेका छन् । स्वार्थी र निस्वार्थीलाई उनले समयमै पहिचान गर्न असफल रहे । त्यसको परिणाम उनले पटक पटक भोग्दै आएका छन् । जसपा नेपालबाट अलग्गिएकाहरु निकट भविष्यमा एमालेमा समाहित हुने निश्चित छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले नै जसपालाई फुटाउन प्रमुख भूमिका निर्वाह गरेको आरोप मिथ्या होइन् । त्यसका लागि प्रचण्डले गरेको घात पनि सशक्त नै हो । तर ठूला दलहरुले साना दललाई विभाजन गर्न चालेको कदमले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत हुन दिने छैन् ।

# जनमत बुझ्न नसकेको राजनीति



खिमलाल देवकोटा

अहिले नेपाली राजनीतिमा न जनमत प्रतिबिम्बित हुनसकेको छ न राजनीतिले जनमत कदर गर्न । एकप्रकारको विडम्बनापूर्ण राजनीतिक खेल अहिले चलिरहेको छ, जसले नागरिकको विश्वास थप तोडिरहेको छ । नयाँ संविधान जारी भएपछि राजनीतिक आन्दोलन एक ढंगले सकियो र अब आर्थिक-सामाजिक रूपान्तरणको आन्दोलन प्राथमिकतामा भन्ने मान्यताका साथ राजनीति अगाडि बढेको थियो ।

समाजवादउन्मुख संविधान जारी भएपछि समाजवादलाई हेर्ने राजनीतिको भिन्नताका आधारमा अब दुईदलीय व्यवस्था स्थापित हुने कुरा पनि पक्कापक्की जस्तै थियो । त्यसैको आरम्भका रूपमा पहिलो निर्वाचनमा जम्मा पाँच राजनीतिक दलले थ्रेसहोल्ड कटाएर राष्ट्रिय मान्यता प्राप्त दल बन्न सके । तिनै दल पनि पछि चारवटा दल मिलेर दुई दल बनेपछि केवल तीन वटा राष्ट्रिय मान्यता प्राप्त दल बने । अरू दलहरूबाट प्रतिनिधित्व गर्ने सांसदहरूको अवस्था स्वतन्त्र बन्यो ।

यो अवस्था एक हिसाबले नेपाली राजनीतिमा दशकौंदेखि देखापरेको अस्थिरताको जडी औषधि पनि थियो । अब मुलुकले विकासको लय पक्रन्छ भन्ने विश्वास पैदा भएको थियो । यो नेपाली जनमतको व्यावहारिक अभिव्यक्ति थियो ।

तर दुर्भाग्य नै भनौं, यो जनमत वामपन्थीहरूले बुझ्न सकेनन् । वामशक्तिले दुई तिहाइ बहुमत ल्याउँदा गैरवामले शासन गर्ने अवस्था अन्त्य भएको थियो तर यो एकताको जनमतलाई वाम राजनीतिले बुझ्न सकेन र उनीहरू विभाजित बने । झण्डै दुई तिहाइको वाम प्रतिनिधित्व भएको संसद् विघटन भयो । सरकार विघटन, पार्टी विघटन हुँदै जनमतमाथि निकै ठूलो बज्रपात भयो ।

वामपन्थीहरूले गुमाउँदै र गैरवामले लाभ लिँदै जाने अवस्थाको सुरुवात भयो । विषय यतिसम्म मात्रै रहेन । अर्को निर्वाचनमा त वामपन्थीहरू विभाजित भई एकले अर्कालाई हराउने अभियानमा नै लाग्दा अघिल्लो निर्वाचनमा झण्डै सकिएको गैरवाम शक्तिको प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस संसद्को झण्डै पहिलो शक्तिका रूपमा उदायो ।

केही नेताको व्यक्तिगत स्वार्थको आधारमा गठबन्धन बदलिए । बदलिएको गठबन्धनमा रातारात चौथो शक्तिका रूपमा उदाएको नयाँ पार्टी निर्णायक हुने अवस्थामा आइपुग्यो । फलतः उसले रोजेको मन्त्रालय दिएर भए पनि सरकार गठन गर्ने मनस्थितिमा वामपन्थीहरू पुग्न बाध्य भए । छँदाखाँदाको दुई तिहाइको संसद्, सरकार, पार्टी र जनमतमाथि मुक्का प्रहार गर्दाको परिणाम नराम्ररी भोग्न बाध्य भए । मधेशी मध्ये या त जनमत वा समाजवादी एक लिनै पर्ने अर्को बाध्यता आइलाग्यो । यता राप्रपा वा रास्वपा मध्ये एक इन्कार गर्न्न नमिल्ने खण्ड खातिरको अवस्था उपस्थित भयो ।

झण्डै दुई तिहाइका वाम पार्टी एक तिहाइतिर पुग्ने अवस्था बन्यो भने झण्डै एक चौथाइको कांग्रेस झण्डै ठूलो पार्टीका रूपमा उदाउने अवस्थामा पुग्यो । नामै नसुनेका पार्टीहरू राष्ट्रिय पार्टीका रूपमा उदाउने परिघटना पनि भोग्नुपर्‍यो । यी घटना केही दशकको होइन, केही वर्षको अन्तरालमा घटेका छन् । आखिर यस्तो किन हुन्छ ? त्यसको आकलन गर्न जरूरी छ ।

जनमतलाई चिन्न नसक्दाको परिणाम यस्तो भएको हो भन्ने कुरा त सोझो जवाफ हो । त्योभन्दा पनि पर गएर नेपाली राजनीतिको दूरदृष्टिका बारेमा चर्चा गर्ने हो भन्ने लज्जाबोध नै भएर आउँछ ।

झण्डै दुई तिहाइको जनमतलाई कदर गर्न नसक्ने वामपन्थीले के मात्र गुमाएन; संसद, पार्टी र सरकार नै विघटन भयो । संघीय सरकार मात्र होइन, सातै प्रदेशबाट हात धुने अवस्था आयो । यतिमै यात्रा नरोकिएर राष्ट्रिय सभा समेत गुमाउन बाध्य हुनुपर्‍यो । यो अवस्था वामपन्थी शक्ति र खासगरी एमालेले व्यहोर्‍यो ।

गैरवाम शक्तिका रूपमा स्थापित नेपाली कांग्रेसले आफ्नै बलबुतामा हैन माओवादीका काँधमा चढेर पूरै खुम्चिएको आकार फैलायो । अधिकांश प्रदेशका सरकार र प्रदेश प्रमुखहरू प्राप्त गर्‍यो । संघीय सरकार र राष्ट्रिय सभामा समेत सम्मानजनक मात्रै हैन, झण्डै ठूलो दलको हैसियत कायम गर्न सक्यो । माओवादीका भागमा कहिले एमाले त कहिले कांग्रेसलाई ठूलो पार्टी बनाइदिने जिम्मा पर्‍यो । आफैंले प्राप्त गर्ने कुरा भने खासै रहेन ।

वाम र गैरवाम गरी स्थापित पार्टीहरूका बुद्धिका कारणले नयाँ उदय भएको पार्टीले मात्रै लाभ लियो । एकलौटी लाभबाट हौसिएको नयाँ उदाएको दलका पनि व्यथा आफ्नै छन् । ऊ आफैंमा लफडैलफडाले घेरिएको छ । लफडाबाट राहत पाउने लालसामा महत्वपूर्ण मन्त्रालय गृह र उप-प्रधानमन्त्रीको बार्गेनिङ गर्ने अवस्थामा पुग्यो । यसले जनतामा देखापरेको लहर धूलिसात् भयो । सो कुरा इलाम उपनिर्वाचनले देखाइदिएको छ ।

वामपन्थीलाई दिएको झण्डै दुई तिहाइको जनमत दम्भ हुर्काउनका लागि थिएन । संसद् विघटनका लागि पनि थिएन । पार्टी विभाजनका लागि त झनै थिएन । यसैगरी कांग्रेसको जनमत एक्लैको थिएन । माओवादीको काँधमा टेकेर प्राप्त गरेको थियो । माओवादीको धर्म कहिले एमाले त कहिले कांग्रेसलाई भाग पुर्‍याइदिने पनि त थिएन ।

रास्वपाको जनमत वाम र गैरवामका असन्तुष्टिहरूको परिणाम थियो उसका कर्मका कारणले थिएन । कांग्रेस र कम्युनिस्टको विरोध गरेका आधारमा प्राप्त गरेको भोट थियो । उसको नीति कार्यक्रमका आधारमा पाएको भोट थिएन । यसैगरी कांग्रेस र कम्युनिस्टबाट असन्तुष्ट उनैका कार्यकर्ताका कारणले पनि प्राप्त गरेको थियो । यति कुरा नबुझेर जनमतको दुरुपयोग गर्ने दुस्साहस सब दलमा देखापरेको छ । हुँदाहुँदा मरिसकेको राजतन्त्रको लाश बोकेर राजनीति गर्ने राप्रपा समेत राष्ट्रिय पार्टीका रूपमा देखापरेको छ । उसलाई पनि जनमतकै भ्रम छ । कांग्रेस कम्युनिस्ट पार्टीका कुबुद्धिले प्राप्त अपुताली हो भन्ने हेक्का उसलाई पनि छैन ।

मार्क्सले जनमतलाई विचार नियन्त्रणको औजारको रूपमा व्याख्या गरे । शासक वर्गले आफ्नो प्रभुत्व कायम राख्न र अधीनस्थ वर्गहरूको असहमतिलाई दबाउन प्रयोग गरेको बताए । तसर्थ, मार्क्सका लागि साँचो बुझाइ र मुक्ति जनमतलाई आकार दिने अन्तर्निहित सामाजिक र आर्थिक शक्तिहरूको आलोचनात्मक विश्लेषणबाट मात्रै आउन सक्छ । यसले क्रान्तिकारी चेतना र विद्यमान शोषण र उत्पीडनको व्यवस्थालाई उल्ट्याउने उद्देश्यले सामूहिक कार्यको नेतृत्व गर्छ भन्ने मत उनले दर्ज गरे ।

नेपाली राजनीतिक नेतृत्वले जनमतबाट विच्छेदन गरेको वा जनताको स्वार्थभन्दा आफ्नो स्वार्थलाई प्राथमिकतामा राखेका उदाहरण पनि छन् ।

दक्षिण अफ्रिकाको रंगभेद विरोधी आन्दोलनका प्रतिष्ठित नेता र देशको पहिलो अश्वेत राष्ट्रपति नेल्सन मण्डेलाको बुझाइ थियो कि जनमतले उन्नति र काम गर्छ । तसर्थ उनी हरतरहले जनमत तयार गर्न अहोरात्र लागिपरे । न्याय र समानताको साझा दर्शनको वरिपरि मानिसहरूलाई प्रेरित गर्ने, मनाउने र एकताबद्ध गर्ने उनको क्षमताले रंगभेद अन्त्य गर्न र लोकतान्त्रिक दक्षिण अफ्रिकाको जग बसाल्न महत्वपूर्ण भूमिका खेलेको थियो । उनले जनमत वास्तवमै शक्तिशाली हतियार हो भन्ने स्थापित गराएरै छाडे ।

उता गान्धीले अहिंसात्मक प्रतिरोध र नागरिक अवज्ञाको माध्यमबाट जनमतको विकास गर्ने महत्वलाई जोड दिए । उनले ब्रिटिश औपनिवेशिक शासन विरुद्ध भारतीय स्वतन्त्रता आन्दोलनको नेतृत्वमा प्रदर्शन गरे जस्तै अन्यायपूर्ण कानुन र दमनकारी शासनलाई चुनौती दिनको लागि आवश्यक उपकरण जनमत नै हो भन्ने कुरा पुष्टि गरे ।

तर नेपालमा भने राजनीतिक नेतृत्व र जनमतबीचको सम्बन्ध जटिल र प्रायः चुनौतीले भरिएको छ । व्यवस्था परिवर्तन गर्ने ल्याकत राख्नेदेखि अढाइ सय वर्ष लामो राजतन्त्र फाल्न समेत जनमत तयार गर्न सक्ने अरू कोही नभएर नेपाली राजनीतिक नेतृत्व नै हो । उनीहरू आफ्ना कार्य, कथन र नीतिहरूद्वारा जनमतमा महत्वपूर्ण प्रभाव पार्न सक्षम छन् भन्ने पनि पुष्टि भएको कुरा हो । तर पनि यतिबेला नेपाली जनमत या त स्थापित राजनीतिमा विश्वास गर्दैन या स्थापित राजनीतिले जनमत प्रभावित गर्न सकिरहेको छैन ।

कहिलेकाहीं हाम्रो राजनीतिक नेतृत्वले लोकतान्त्रिक समाजमा जनमतको महत्वलाई स्वीकार गर्दै जनताको चासो सुन्न र सम्बोधन गर्न सक्षमता प्रदर्शन गरेका छन् । तिनीहरू नागरिकहरूसँग संवादमा संलग्न हुनसक्छन्, सार्वजनिक फोरमहरू मत राख्न सक्छन्, र राष्ट्रलाई असर गर्ने मुख्य मुद्दाहरूमा प्रतिक्रिया जान्न खोज्छन् ।

यस्तो अवस्थामा राजनीतिक नेताहरूले जनताको आकांक्षा र आवश्यकताहरूसँग आफ्ना एजेन्डाहरू मिलाउन सक्छन्, जसले गर्दा उनीहरूको समर्थन र वैधता प्राप्त हुन्छ । राजनीतिमा यो हमेशा हुने गरेकै छ ।

तर, नेपाली राजनीतिक नेतृत्वले जनमतबाट विच्छेदन गरेको वा जनताको स्वार्थभन्दा आफ्नो स्वार्थलाई प्राथमिकतामा राखेका उदाहरण पनि छन् । राजनीतिक नेताहरूले जनमतको व्यापक असन्तुष्टिलाई बेवास्ता गर्न सक्छन् । जनताका असहमतिलाई दबाउन सक्छन्, वा प्रचार र गलत जानकारी मार्फत सार्वजनिक धारणालाई हेरफेर गर्न सक्छन् भन्ने कुरा पनि यतिबेलाका राजनीतिक दलका बोली र व्यवहारहरूले पुष्टि हुँदै गएको छ ।

राजनीतिक नेता र जनमतबीचको यो विभाजनले राजनीतिक प्रणालीमा संकट ल्याउन र राजनीतिले जनविश्वास गुमाउन थालेको छ । यसबाट जनतामा निराशा र विचलित हुन सक्छन् ।

यसका अतिरिक्त, नेपाली समाजभित्र बन्दै गरेको अतिवादी दृष्टिकोण र चासोको विविधताले जनमतलाई प्रभावित गर्ने खतरा आइपर्न सक्दछ । यसले राजनीतिक नेतृत्वको कार्यलाई जटिल बनाउँछ । जातीय, सांस्कृतिक, सामाजिक र आर्थिक समूहको भिन्न स्वार्थका कारणले नेपालमा जनमत प्रायः खण्डित र विषम हुने गर्दछ । राजनीतिक नेताहरूले यी जटिलतालाई बेलैमा पहिचान गर्न सक्नुपर्दछ । समाजका सबै वर्ग, जाति, लिंग, क्षेत्र र समुदायको हितलाई प्रतिनिधित्व गर्ने समावेशिता र सामाजिक एकतालाई बढावा दिन प्रयास गर्नुपर्छ ।

नेपाली राजनीतिक नेतृत्व र जनमतबीचको सम्बन्ध बेला-बेलामा खण्डित भए पनि गतिशील र बहुआयामिक छ । राजनीतिक नेताहरूसँग जनमतलाई प्रभावित पार्ने र आफ्ना एजेन्डाहरूप्रति समर्थन जुटाउने क्षमता हुँदाहुँदै बेलाबखतमा राजनीतिमा संकट देखापर्दछ । जनताले विश्वासमाथि संकट दर्शाइदिन बेर लाग्दैन ।

तसर्थ राजनीति उनीहरूले सेवा गर्ने मानिसहरूका विविध आवश्यकता र आकांक्षाप्रति उत्तरदायी रहनुपर्छ । पारदर्शिता र जवाफदेहीलाई बढावा दिएर नेपाली राजनीतिक नेतृत्वले जनमतसँग आफ्नो सम्बन्ध सुदृढ गर्न र लोकतान्त्रिक शासनको सिद्धान्तलाई प्रवर्धन गर्न प्रयत्न गर्नैपर्छ । यसो हुन नसक्दाका परिणामहरू अकल्पनीय हुनसक्छन् ।अनलाईन खवर

> जातीय, सांस्कृतिक, सामाजिक र आर्थिक समूहको भिन्न स्वार्थका कारणले नेपालमा जनमत प्राय: खण्डित र विषम हुने गर्दछ । राजनीतिक नेताहरूले यी जटिलतालाई बेलैमा पहिचान गर्न सक्नुपर्दछ । समाजका सबै वर्ग, जाति, लिंग, क्षेत्र र समुदायको हितलाई प्रतिनिधित्व गर्ने समावेशिता र सामाजिक एकतालाई बढावा दिन प्रयास गर्नुपर्छ ।

# लैङ्गिक र समावेशी बजेटको खोजी



अमृता अनमोल

अहिले वैशाख महिना चलिरहेको छ । नेपालको संविधान २०७२ ले आगामी वर्षका लागि जेठ १५ भित्र सङ्घ, असार १ गतेभित्र प्रदेश र असार १० गतेभित्र स्थानीय तहको बजेट ल्याइसक्नुपर्ने मादण्ड तोकेको छ । त्यही मापदण्डअनुसार तीन तहकै सरकारले आउँदो आर्थिक वर्षका लागि नीति कार्यक्रम र बजेट बनाउन योजना तर्जुमाको काम सुरु गरेका छन् । सरकारहरुले कस्ता नीति कार्यक्रम ल्याउँदैछन् ? तिनका आधारमा कस्तो बजेट बनाउँदैछन् ? परम्परागत छन् कि केही फरक ? लैङ्गिक उत्तरदायी र समावेशी छन् कि असमावेशी ? नागरिकको ढोका अगाडिको सरकार हो स्थानीय तह । जहाँ सर्वसाधारण नागरिक पनि सहजै पुग्न, आफ्ना समस्या र आवश्यकता राख्न सक्छन् । त्यसैले योजना तर्जुमामा बस्तीस्तरदेखि वडा हुँदै लक्षित समुदायसम्म कस्ता नीति र कार्यक्रम ल्याउने भन्ने छलफल गर्ने र सुझाव माग्ने कामको जिम्मा स्थानीय तहलाई दिएको छ । ढोका अगाडिका स्थानीय सरकारले कसलाई केन्द्रमा राखेर कस्तो बजेट ल्याउँदै छन् ? त्यसमा आम नागरिकले थप निगरानी गर्न जरुरी छ ।

पहुँचबाट टाढा रहेका नागरिकलाई विकासको मूल धारमा ल्याउन छुट्टै विकास चाहिन्छ । त्यसका लागि लैङ्गिक तथा समावेशी विकास बजेट बनाउनु पर्छ । पहुँच बिहिनलाई विकासको मूलधारमा ल्याउन भन्दै नेपालमा आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा आएको हो । त्यसबेलादेखि लक्षित वर्ग तोकेर कुल विकास बजेटको ३५ प्रतिशत बजेट छुट्याउन सुरु भयो । सङ्घ र स्थानीय तह दुवैको विकास बजेटमा १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत जनसङ्ख्याका आधारमा दलित, जनजाति, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकलगायतका क्षेत्रमा विनियोजन हुन्थ्यो । उक्त बजेटले लक्षित वर्गको प्रत्यक्ष फाइदा हुने योजना, उत्थान तथा सीप र क्षमता विकासका कार्यक्रम गरिन्थे । त्यसअनुसार काम नभए साबिक स्थानीय निकायको बजेट कटौती हुन्थ्यो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैङ्गिक उत्तरदायी बजेट हुनुपर्ने र बजेटमा लक्षित वर्गलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ । तर, उक्त बजेट कति हुनुपर्ने सीमा तोकेको छैन । सीमा हटाइएपछि स्थानीय तहमा लैङ्गिक र समावेशी बजेट काटिएको छ । सीमा नहुनु भनेको पाउँदै आएको बजेट काट्नु होइन ।

धेरै स्थानीय तहमा बजेट प्रमुख र उप्रमुख वा अध्यक्ष र उपाध्यक्ष लक्षित कार्यक्रम भनेर एकमुष्ठ राख्ने र बाँड्ने गरेका छन् । जनप्रतिनिधिको तजबीजमा बजेट बाड्दा महिला, बालबालिका, पछाडि परेका वर्ग समुदाय एवं सामाजिक समावेशीकरणका मुद्दा ओझेलमा परेका छन् । समावेशी विकासका कतिपय चालु योजनासमेत रोकिएका छन् । यसले मानव विकासको सूचकाङ्कमा असर देखिएको छ । वर्गीय विभेद् हुनु, विकासमा सबैको समान पहुँच नहुनु, लैङ्गिक र समावेशी विकास नहुनु, बजेटमा लक्षित वर्ग छुटुनुले मानव विकास सूचकाङ्क अपेक्षाकृत रुपमा नसुध्रिएको हो । यसर्थ विकासबाट टाढा रहेका लैङ्गिक र सिमान्तकृत समुदायको हितका लागि लैङ्गिक उत्तरदायी र समावेशी बजेट बनाउन दबाब सिर्जना गरिनुपर्छ ।

लैङ्गिक उत्तरदायी बजेट बनाउँदा महिला र पुरुषका लागि अलग अलग बजेट नै चाहिन्छ भन्ने होइन । बजेटका सबै उपलब्धिमा महिला र पुरुषको सन्तुलित सहभागिता र लाभ खोज्ने प्रक्रिया हुनुपर्छ भनिएको हो । लैङ्गिक समानताका लागि बजेटको सुनिश्चित, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरण हो । लैङ्गिक विभेद् का कारण अवसरबाट बञ्चित एवं पछाडि पारिएको वर्गलाई समानुपातिक अवसर प्रदान गर्न र तिनीहरुको क्षमता विकास तथा सशक्तीकरणका लागि लैङ्गिकमैत्री एवं लैङ्गिक उत्तरदायी बजेट जरुरी छ । समाजमा रहेका गरीब, महिला, दलित एवं सुविधाविहीन जनजातिलाई केन्द्रविन्दु मानेर उक्त समाजका सम्पूर्ण वर्ग, लिङ्ग र जातजाति एकैथलोमा जम्मा भई आफू र आफ्नो समुदायको विकास गर्न सङ्गठित, समानुपातिक साथै सक्रिय रुपमा सहभागी हुने र उपलब्ध स्रोत, साधन, सेवा सुविधा र अवसरहरुको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अनुकूल वातावरण तयार गर्ने प्रणाली र प्रकृया सामाजिक समावेशीकरण हो ।

सामाजिक समावेशी बजेटका लागि पनि सबै समुदायलाई बजेट बाँड्नुपर्छ भन्ने छैन । तर, बजेटका सबै उपलब्धिमा आफ्नो क्षेत्रमा सबै समुदायको सहभागिता र लाभ हुनपर्छ । बजेटले महिलाभित्र पनि समावेशी र सिमान्तकृतभित्र पनि अल्पसङ्ख्यकलाई लाभ पुर्‍याउनुपर्छ । समुदायमा रहेको जातीय, वर्गीय, लैङ्गिक, भाषिक तथा क्षेत्रीय विभेद् अन्त्य गरी सामाजिक न्याय स्थापना गर्न, सामाजिक विखण्डन र द्वन्द सिर्जना हुनवाट समाजलाई जोगाउन एवं बञ्चितीमा परेकाहरुलाई मूलप्रवाहमा ल्याउन समावेशी बजेट जरुरी छ । यसले सामाजिक र आर्थिक विभेद्का कारण सिर्जित द्वन्द्वलाई कम गरी शान्तिपूर्ण विकासमा सघाँउछ ।

अहिले स्थानीय तहमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर काम गर्ने उपप्रमुख वा उपाध्यक्षको जिम्मेबारी छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेस गर्नेसम्मको अधिकार स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुखलाई दिएको छ । अहिले पाँच सय ३४ स्थानीय तहमा प्रमुख वा उपाध्यक्ष महिला छन् । नागरिकले उनीहरुसँग आफ्नी आमा, दिदीबहिनीलाई जस्तै सहज किसिमले आवश्यकता राख्छन् । बजेटमार्फत आफ्ना दैनिकी सहज बनाउन समस्या समाधान गर्न, न्याय, सुशासन, विकासमा पहुँचको अपेक्षा राख्छन् । यस्तो काममा धेरै महिला उपप्रमुख वा उपाध्यक्षले निर्धक्क काम गरेको भने पाइँदैन । उनीहरु प्रमुख वा अध्यक्षको छायाँमा छन् । कतिपयमा अध्यक्ष वा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा अन्य कार्यपालिका सदस्यले भूमिका सङ्कुचित बनाएको छ । कतिपयमा लैङ्गिकता र समावेशीताप्रतिको बुझाइ नै स्पष्ट छैन । यही कारण लैङ्गिक हिसाबले महिला भएपनि धेरै उपप्रमुख वा उपाध्यक्षले ऐनले दिएका जिम्मेवारी पूरा गर्न, सामाजिक विकास, लैङ्गिक समानता लगायतका मुद्धा आवश्यकता अनुसार उठाएका छैनन् । फलस्वरुप लैङ्गिकमैत्री र समावेशीको साटो टाठाबाठाले ल्याएका विकास र भौतिक पूर्वाधारका योजनालाई नै निरन्तरता दिएका छन् ।

स्थानीय तह गठनका बेला गाउँगाउँमा सिंहदरबार घरघरमा विकास भनियो । तर, गाउँकै सिंहदरबार अर्थात स्थानीय तहमा पनि धेरै महिला, बालबालिका, सिमान्तकृत र अल्पसङ्ख्यक समुदायका व्यक्ति बजेट माग्दै पुग्दैनन् । पुगेकाको कुरा सुन्ने फुर्सद पनि धेरै जनप्रतिनिधिलाई छैन । लैङ्गिकमैत्री, समावेशी बजेट र यसमार्फत गरिने सामाजिक विकास भौतिक विकास जस्तो तत्काल मापन गर्न सकिदैन । कामको तत्काल प्रभाव पनि देखिदैन । पहुँचवालाले जस्तो दबाब दिन सक्दैनन् । यसैले धेरैजसो जनप्रतिनिधिहरु लक्षित समुदायका लागि छुट्टिने लैङ्गिक र समावेशी बजेट भनेको खेर जाने बजेट भन्ने मानसिकता राख्छन् । जनप्रतिनिधिको ध्यान पहुँचवाला नागरिकमा छ । सडक, कुलो, पुल, भवन जस्ता भौतिक पूर्वाधार विकासमा छ । योजना निर्माण तथा छनोटमा पनि लैङ्गिक उत्तरदायी र समावेशी बजेट चाहिने लक्षित वर्गको सहभागिता कम हुन्छ । सहभागी हुनेले पनि तर्क राख्न सक्दैनन् । यही कारण पनि स्थानीय तहमा लैङ्गिक र सामाजिक समावेशीकरणको बजेट घटाएको छ । स्थानीय तहमा जिम्मेवार व्यक्ति, विषय विज्ञ र लैङ्गिक संवेदनशीलताको अभाव छ । यसले राम्रा कामको सुरुआत गरेका स्थानीय तहको नीति कार्यक्रम र बजेट पनि लैङ्गिक र समावेशी छैन । लैगिक र समावेशी शीर्षकमा छुट्टाएको बजेट समेत साझा पूर्वाधार विकासमा लगाएका छन् ।

स्थानीय तहका हरेक वडामा दुई जना महिला सदस्य छन् । त्यसमध्ये एक दलित महिला र एक अन्य हुन् । समावेशी विकासको सिद्धान्तबाट गएका तिनै महिला र सिमान्तकृत प्रतिनिधिले पनि लैङ्गिक र समावेशी बजेट बिर्सेका छन् । हरेक स्थानीय तहमा महिला तथा बालबालिका शाखा छन् । त्यसमा महिला तथा बालबालिका कार्यालयबाट समायोजन भएर गएका महिला कर्मचारी प्रमुख छन् । तर, उनीहरुको पहुँच नीति, बजेट, कार्यक्रम निर्माण र कार्यान्वयनमा छैन । सङ्घीयतामै लैङ्गिक र समावेशी बजेट घट्नु र मुद्दा ओझेलमा पर्नु लाजमर्दो कुरा हो । दिगो विकासको लक्ष्यमा पुग्न र मानव विकास सूचकाङ्क बढाउन लैङ्गिक तथा समावेशी विकास जरुरी छ । लक्षित वर्गले सहज रुपमा आफ्ना आवाज र गुनासो सुनाउन सक्ने स्थानीय तह नै हो ।

स्थानीय तहले उनीहरुको उत्थान र विकासका लागि लगानी घटाउने होइन बढाउनु पर्छ । यसर्थ, लैङ्गिकमैत्री नीति कार्यक्रम र बजेट निर्माणमा उपप्रमुख वा उपाध्यक्षलाई निर्धक्क काम गर्ने अवसर सिर्जना गरिदिनुपर्छ । राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी र नागरिक अगुवाले काममा सघाउनुपर्छ । जनप्रतिनिधि राजनीतिक प्रतिनिधि पनि हुन् । संविधानको प्रस्तावनाले नै लैङ्गिकता र समावेशीतालाई समेटेको छ । यसर्थ, सरकारका नीति कार्यक्रम बनाउँदा होस् वा बजेट ल्याउदा लैङ्गिकता र समावेशीताप्रति राजनीतिक इच्छाशक्ति र राजनीतिक प्रतिबद्धता हुनुपर्छ । लैङ्गिक र समावशी बजेट नबनाउने स्थानीय तहलाई प्रदेश र सङ्घले दिने अनुदान घटाउनुपर्छ । प्रदेश र सङ्घले पनि बजेट लैङ्गिक र समावशी बनाउन चुक्नु हुँदैन । (लेखक पत्रकार हुनुहुन्छ)

> सरकारका नीति कार्यक्रम बनाउँदा होस् वा बजेट ल्याउदा लैङ्गिकता र समावेशीताप्रति राजनीतिक इच्छाशक्ति र राजनीतिक प्रतिबद्धता हुनुपर्छ । लैङ्गिक र समावशी बजेट नबनाउने स्थानीय तहलाई प्रदेश र संघले दिने अनुदान घटाउनुपर्छ । प्रदेश र संघले पनि बजेट लैङ्गिक र समावशी बनाउन चुक्नु हुँदैन ।

# सदनलाई बाधारहित सञ्चालन गर्न सभामुखको आग्रह



**काठमाण्डु** । सभामुख देवराज घिमिरेले आह्वान गर्नुभएको प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुको बैठकमा प्रतिनिधिसभाको बैठकलाई नियमितरुपमा बाधारहित सञ्चालन गर्ने विषयमा छलफल भएको छ ।

सभामुखको कार्यालयमा भएको छलफलमा प्रमुख राजनीतिक दलका शीर्ष नेताले सङ्घीय संसद्को काम कारबाहीलाई प्रभावकारी बनाएर जानुपर्ने बताउनुभएको थियो । बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै सभामुख घिमिरेले संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुसँग छलफल भएको र यो निरन्तरको प्रक्रिया भएको बताउनुभयो ।

सभामुख घिमिरेले भन्नुभयो, “विभिन्न समस्या आइरहन्छ, समस्याले सदनलाई अवरोध गर्नु हुँदैन।मंगलबारकोबसाइँरछलफलले यही वैशाख २८ गतेदेखि सुरु हुने बैठकलाई सहजरुपमा अगाडि बढाउने महत्वपूर्ण आधार तयार पारेको छ ।”

उहाँले सदनलाई सहजरुपमा सञ्चालन गर्ने दायित्वको राजनीतिक दलको भएकाले ठूला राजनीतिक दल संसद्लाई समस्याको समाधान गर्ने थलोका रुपमा अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो । संसदीय व्यवस्थामा सबै राजनीतिक शक्तिको भूमिका निर्णायक हुने र दलहरुले नै समस्या समाधानका लागि पहल गर्ने सभामुख घिमिरेको भनाइ छ ।

उहाँले सदनलाई प्रभावकारी बनाउन सबैको साझा र आ-आफ्नो भूमिका रहने जानकारी दिनुभयो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री रवी लामिछानेले सहकारी समस्या समाधानका लागि द्रुतमार्गमा कानुन निर्माण गर्ने विषयमा सरकारले आवश्यक प्रक्रिया थालिसकेको बताउनुभयो । कुनै पनि विषयमा प्रश्न उठ्नेबित्तिकै संसदीय छानबिन समिति गठन गरिहाल्नुपर्ने माग उचित नभएको उहाँको भनाइ थियो । सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि सरकार गम्भीर रहेको र ठगी प्रकरणमा जोडिएका जिबी राईलगायतलाई पक्राउ गर्न सरकार लागीपरेको उहाँले बताउनुभयो ।

बैठकमा नेपाली कांग्रेसले सहकारी प्रकरणका सम्बन्धमा संसदीय छानविन समिति गठन गर्नुपर्ने विषयलाई पुनःदोहोऱ्याएको छ। नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सहकारी प्रकरणमा छानबिन समिति गठन गर्नुपर्ने र छानबिन गर्नुपर्ने आफूहरुको धारणा रहेको बताउनुभयो ।

“हामीले संसदीय छानविन समितिको कुरा राखेको छौँ । हामीले गृहमन्त्रीको राजीनामा मागेका छैनौँ, प्रश्न उठेपछि संसदीय छानबिन समिति बनाउनुपर्छ भन्ने कुरा राखेका छौँ । सरकारले समिति बनाउँछ भन्ने हाम्रो विश्वास छ”, नेता लखेकले भन्नुभयो ।

नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले सहजतापूर्वक सदनको बैठक सञ्चालनका लागि कांग्रेसले सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो । गृहमन्त्रीमाथि प्रश्न उठेका विषयमा सदनमा बोल्न दिनुपर्छ र कांग्रेस सुन्न तयार नभएपनि आफ्नो पार्टी सुन्न तयार रहेको नेता बर्तौलाले बताउनुभयो।सहकारीपीडितबारेमा कुनै कुरा नराखी अरुलाई निषेध गर्ने तरिकाबाट जाने कांग्रेसको तरिका सही नभएकोसमेत उहाँले उल्लेख गर्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले सभामुखले आयोजना गर्नुभएको बैठकमा महत्वपूर्ण छलफल भएको र समस्या समाधानमा केन्द्रित रहेको बताउनुभयो । यही वैशाख २८ गतेदेखि सुरु हुन लागेको सङ्घीय संसद्को बैठकलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको उहाँले उल्लेख गर्नुभयो ।

बैठकमा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सहकारीको रकम हिनामिनाका विषयमा उपप्रधान एवं गृहमन्त्री लामिछानेले संसद्मा बोल्न पाउनुपर्ने बताउनुभएको प्रमुख सचेतक परियारले जानकारी दिनुभयो । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालगायत प्रतिनिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरुको सहभागिता थियो ।रासस

# राष्ट्रिय सुरक्षाका लागि समन्वय र साझा बुझाइ हुनुपर्छ : रक्षामन्त्री उप्रेती



**काठमाण्डु** । रक्षामन्त्री हरिप्रसाद उप्रेतीले मुलुकको अस्मिता र अस्तित्वको रक्षा गर्ने विशेष दायित्व बोकेको निकायका रुपमा रक्षा मन्त्रालयले काम गरिरहेको बताउनुभएको छ । सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको मंगलबारको बैठकमा उहाँले देशको स्वतन्त्रता, सार्वभौमिकता, अखण्डता, स्वाधीनता, राष्ट्रिय एकताजस्ता महत्वपूर्ण र संवेदनशील विषयमा प्रत्यक्ष सरोकार राखेर कार्य गरिरहेको बताउनुभयो ।

बैठकमा राष्ट्रिय सुरक्षा नीति, राष्ट्रिय सुरक्षाको अवस्था, रक्षा मन्त्रालयबाट भए गरेका काम कारबाही र भावी कार्य दिशा तथा मातहत सञ्चालित राष्ट्रिय गौरवका आयोजना प्रगति, समस्या समाधानका उपाय समाधानलगायतका विषयमा छलफल भयो । रक्षामन्त्री उप्रेतीले भन्नुभयो,“गौरवशाली इतिहास बोकेको तथा मुलुक एकीकरणजस्तो प्रशंसनीय कार्य गर्दैआएको नेपाली सेना राष्ट्रिय सुरक्षा विपद् व्यवस्थापनदेखि राज्यले दिएको सबैखाले जिम्मेवारी पूरा गर्न समर्पित भएर लागि परेको छ ।” राष्ट्रिय सुरक्षा नीति २०७५ सरकारको मूल नीति भएकाले सबै मन्त्रालय र निकायले यसलाई मूल नीति बनाएर कार्य गर्न जरुरी रहेको बताउँदै उहाँले जुनसुकै राजनीतिक दल र विचार धारा बोक्ने व्यक्ति भए पनि राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितमा एउटै स्वर र बुझाइका साथ उभिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “सुरक्षा बहुआयामिक र अन्तर निकाय सम्बन्धित हो, सुदृढ राष्ट्रिय सुरक्षाका लागि राज्यका निकायबीच समन्वय, साझा बुझाइ र अवधारणा हुनुपर्छ ।” नेपालका लागि राष्ट्रिय सुरक्षाको विषय धेरै पेचिलो भएकाले राजनीतिक नेतृत्वलगायत प्रत्येकले गम्भीरताकासाथ बुझ्न र गहिरोसँग मनन् गर्न आवश्यक रहेको बताउँदै मन्त्री उप्रेतीले अहिले मुलुकको राष्ट्रिय सुरक्षाको अवस्था केही कमजोर भएजस्तो देखिएको विचार प्रकट गर्नुभयो ।

उहाँले भन्नुभयो, “विभिन्न ठाउँमा दिइएको अभिव्यक्ति, बैंकको किस्ता र बच्चाको विद्यालयको शुल्क तिर्न नसक्दा पनि राष्ट्रियताप्रति ललकारेको देखिन्छ । कतिपय अवस्थामा जानेर वा नजानेर आफ्नो मौलिकता, संस्कृति र परम्परामाथि प्रहार गर्ने काम भएको छ ।”

सो अवसरमा प्रधानसेनापति प्रभुराम शर्माले अन्तर्राष्ट्रिय क्षेत्रमा हाल भइरहेको द्वन्द्व र युद्धका घटनाले शक्ति राष्ट्रबीचको ध्रुवीकरणलाई बढाइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “शक्तिराष्ट्रबीचमा प्रत्यक्ष वा परोक्ष द्वन्द्वका कारण बदलिँदो परिस्थिति र होडबाजीले भौगोलिक तथा आर्थिक रुपमा पछि परेका मुलुकलाई सुरक्षा चिन्ता बढिरहेको छ ।” शक्तिराष्ट्रबीचको द्वन्द्वका कारण नेपाली जनतालाई समेत प्रत्यक्ष असर परेको बताउँदै उहाँले शक्ति राष्ट्रले साना राष्ट्रको सार्वभौमत्ता उपेक्षा गरिहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “रुस र युक्रेन, इजरायल र हमासबीचको द्वन्द्वले विश्वलाई जटिल र अनिश्चित बनाउँदै लगेको छ, नेपालमा रोहिङ्गा शरणार्थीलेसमेत सामाजिक, आर्थिक र धार्मिक समस्या निम्त्याउन सक्ने सम्भावना रहन्छ ।” सो अवसरमा प्रधानसेनापति शर्माले अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सुरक्षा अवस्था र चुनौतीका घटनाको विश्लेषण गर्दै यस्ता घटनाले क्षेत्रीय सन्तुलन र स्थिरतामा केही न केही प्रभाव पारिरहेको उल्लेख गर्नुभयो । संवेदनशीलभू-राजनीति,खुलासिमाना, जलवायु परिवर्तन, श्रम आप्रवास, साइबर थ्रेड, कृत्रिम बौद्धिकता (आर्टीफिसेल इन्टलिजेन्स) बाट सिर्जित सुरक्षाका चुनौती देखिएको बताउँदै प्रधानसेनापति शर्माले जातीय पहिचानका आधारमा सञ्चालनमा भएका घटना र गतिविधिलाई राजनीतिक दलले पर्गेल्दै लगेको धारणा राख्नुभयो ।

> नेपालका लागि राष्ट्रिय सुरक्षाको विषय धेरै पेचिलो भएकाले राजनीतिक नेतृत्वलगायत प्रत्येकले गम्भीरताकासाथ बुझ्न र गहिरोसँग मनन् गर्न आवश्यक रहेको बताउँदै मन्त्री उप्रेतीले अहिले मुलुकको राष्ट्रिय सुरक्षाको अवस्था केही कमजोर भएजस्तो देखिएको विचार प्रकट गर्नुभयो ।

राष्ट्रिय राजनीति सधैँ तरलरुपमा हुने भएकाले यसप्रति सेना सधैँ चनाखो भएर रहने बताउँदै उहाँले सामाजिक एकतामा कुनै धार्मिक गतिविधिले खलल पुऱ्याउन हुन्न भन्नेमा दृढ छौँ भन्नुभयो । रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले राष्ट्रिय सुरक्षा भन्नाले केवल भौगोलिक अखण्डता मात्र नभएर राजनीतिक, आर्थिक, सामाजिक, वातावरणबाट परेको प्रभाव, राष्ट्रिय मूल्य मान्यता, संस्कार, संस्कृतिको संरक्षण र सम्वर्द्धन समेतपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “राष्ट्रिय सुरक्षा मुलुकभित्रका शक्ति र संरचनाको साझा जिम्मेवारी हो । संवेदनशील भूराजनीतिमा रहेको नेपालमा हालका दिनमा परम्परागत र नयाँ खाले सुरक्षा चुनौतीलाई जटिल र पेचिलो बनाउन सक्नेतर्फ सचेत र सजग हुनुपर्छ ।” त्यस अवसरमा काठमाडौँ, तराई-मधेश द्रूतमार्ग (फाष्ट ट्र्याक) को हालसम्मको प्रगति र चुनौतीबारे समितिलाई जानकारी गराइयो ।

उक्त आयोजना प्रमुख सहायकरथी विकास पोखरेलले आयोजनाको हालसम्म भौतिक प्रगति ३३.२० र वित्तीय प्रगति ३३.७१ प्रतिशत रहेको जानकारी दिनुभयो। आगामी विसं २०८३ को अन्त्यसम्ममा पूरा गर्ने लक्ष्यकासाथ नेपाली सेनाको व्यवस्थापनमा अघि बढेको आयोजनाको सुरुङ र पुल निर्माण कार्यसमेत लक्ष्यअनुरुप अघि बढिरहेको जानकारी दिइयो । करिब रु दुई खर्ब ९३ करोडको लागतमा अघि बढिरहेको उक्त आयोजनाका पाँचवटा सुरुङ यसै आर्थिक वर्षको अन्त्यसम्म छिचोलिसक्ने गरी दुरुतत्तररुपमा काम भइरहेको समितिलाई जानकारी गराइयो ।

द्रूतमार्गका लागि बनाउनुपर्ने ८७ पुलमध्ये ८५ वटा ठेक्का भइसकेकामा पाँच वटा निर्माण भइसकेको जानाकारी दिइयो । त्यहाँ निर्माण हुने विशिष्ट प्रकृतिको उचाइ धरहराभन्दा अग्ला छन् । हाल आयोजनामा करिब रु ६१ अर्ब ७१ करोड खर्च भइरहेको छ ।रासस

# सरकारका तर्फबाट निजी क्षेत्रलाई निरुत्साहित गर्ने काम हुँदैनः अर्थमन्त्री पुन

**काठमाण्डु** । अर्थमन्त्री वर्षमान पुनले सरकारका तर्फबाट निजी क्षेत्रलाई निरुत्साहित गर्ने काम नहुने स्पष्ट पार्नुभएको छ ।

बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिसँग आगामी आर्थिक वर्षको बजेटबारे सुझाव लिन मंगलबार मन्त्रालयमा आयोजित छलफलमा मन्त्री पुनले सरकार निजी क्षेत्रको अभिभावक पनि भएकाले ढुक्क भएर लगानी गर्न आग्रह गर्नुभयो । “राज्यका निकायले निजी क्षेत्रलाई तर्साउने र निरुत्साहित गर्ने काम गर्दैन”, उहाँले भन्नुभयो, “सरकारले निजी क्षेत्रलाई प्रवर्द्धन र सहजीकरण गर्ने हो ।”

त्यसअवसरमा मन्त्री पुनले सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटसँग मौद्रिक नीतिको निर्दिष्ट गरेको नीतिभित्र बसेर राज्यका निश्चित उद्देश्य प्राप्तिका लागि सहकार्य गरिने पनि उल्लेख गर्नुभयो ।“सबैको जोड संविधानले निर्दिष्ट गरेको आर्थिक नीतिभित्र बसेर निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने, सहजीकरण गर्ने र मनोबल उठाउने गरी काम गर्ने हो”, उहाँले भन्नुभयो, “त्यसका लागि सरोकारवालाबीचमा छलफल र परामर्श भइरहेको छ ।”

उहाँले अर्थतन्त्रमा राम्रो गरिरहेको नीतिले निरन्तरता पाउने स्पष्ट पार्नुभयो । मन्त्री पुनले राज्य निजी क्षेत्रको अभिभावक भएकाले निर्धक्कसँग आफ्ना कुरा राख्न निजी क्षेत्रलाई आग्रहसमेत गर्नुभयो। मुलुकको अवस्थितिअनुसारको आर्थिक नीति हुनुपर्ने चर्चा गर्दै मन्त्री पुनले नेपालको भू-राजनीतिक अवस्थितिअनुसार



सामाञ्जस्यता कायम गरिने समेत जानकारी दिनुभयो। त्यसका लागि नेपाल राष्ट्र बैंकसँग छलफल भइरहेको उहाँको भनाइ थियो। “सरकार र नियामक भनेकै राज्य हो। राज्यको उद्देश्य र नीति एउटै हुन्छ”, उहाँले भन्नुभयो, “नीति तथा कार्यक्रम, वित्त नीति र मौद्रिक नीतिमा सामाञ्जस्यता कायम गरिन्छ।”

मन्त्री पुनले गत वर्षको तुलनामा यस वर्ष अर्थतन्त्र चलायमान भएको र चालु आर्थिक वर्षभन्दा आगामी वर्ष थप चलायनमा हुने गरी बजेट ल्याउने तयारीमा आफू रहेको बताउनुभयो । पुनले संविधानले तत्काल प्रवर्द्धन गर्नुपर्ने क्षेत्र सूचना प्रविधि भएको आफूहरुलाई लागेको उल्लेख गर्नुभयो।

“हाम्रो भू-अवस्थितिअनुसार सूचना प्रविधि क्षेत्रमा केन्द्रित हुँदा त्यसबाट ठूलो सङ्ख्यामा रोजगारी सिर्जना हुने र लगानी आउने सम्भावना बढी हुन्छ भन्ने हामीलाई लागेको छ”, मन्त्री पुनले भन्नुभयो, “बजेटमार्फत सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन गर्ने सोच बनाएका छौँ।” यस्तै बजेटमा ऊर्जा, पर्यटन, कृषि, ठूला र मझौला पूर्वाधार क्षेत्रलाई प्राथमिकता दिइने उहाँको भनाइ थियो ।रासस

# उपराष्ट्रपति यादवसँग संयुक्त अधिराज्यका राजदूतको शिष्टाचार भेट

**टुडे समाचारदाता**

काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि संयुक्त अधिराज्यका आवासीय राजदूत रोवर्ट डोमिनिक रुसेल फेनले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

उपराष्ट्रपतिको कार्यालयमा मंगलबार भएको भेटमा उहाँहरुबीच नेपाल र बेलायतबीच सदियौँदेखि रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा थप प्रगाढ बनाउँदै द्विपक्षीय हितलाई अझ प्रवर्द्धन गर्ने विषयमा छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ ।

सो अवसरमा उपराष्ट्रपति यादवले संयुक्त अधिराज्य नेपालको एक प्रमुख विकास साझेदार भएको र दुई देशबीच राजनीतिक, आर्थिक तथा सांस्कृतिक सम्बन्ध तथा जनस्तरमा अद्वितीय मित्रता कायम रहेको उल्लेख गर्नुभएको थियो ।

उहाँले अन्तर्राष्ट्रिय मञ्चहरुमा पनि नेपाल र संयुक्त अधिराज्यले मानव कल्याणसँग सम्बन्ध राख्ने र साझा चासोका विविध क्षेत्रहरु राष्ट्रसङ्घीय शान्ति सेनामार्फत विश्वशान्ति स्थापनामा सहयोग, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा महिला सशक्तीकरणका लागि सहकार्य गर्दै आएकामा खुसी व्यक्त गर्नुभएको थियो ।

उपराष्ट्रपति यादवले नेपाल र नेपाली नागरिकहरूका तर्फबाट राजा चार्ल्सको व्यक्तिगत सुख एवं सुस्वास्थ्यको शुभकामना सन्देश प्रेषित गरिदिन आग्रहसमेत गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

# बैङ्कभन्दा ठूलो कारोबार गर्दा समस्या आएको मन्त्री अधिकारीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी संस्थाहरुले बैङ्कभन्दा बढी कारोबार गर्ने प्रतिस्पर्धा गर्दा समस्या सिर्जना भएको बताएका छन् ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ (नेफ्स्कुन)ले मंगलबार आयोजना गरेको दोस्रो लेखा सुपरीवेक्षण समितिको राष्ट्रिय गोष्ठीमा मन्त्री अधिकारीले सहकारीहरु आफ्नो मूल्य मान्यता र सिद्धान्त विपरीत अस्वस्थ प्रतिस्पर्धामा लाग्दा समस्या सिर्जना भएको बताए । जुन उद्देश्यका साथ सहकारी स्थापना भएका थिए त्यसको खिलाफमा काम भइरहेको उहाँको धारणा छ ।

“सहकारीहरु बैङ्कभन्दा ठूलो कारोबार गर्ने अभ्यासमा लागे, सहकारीको मूल्य मान्यता विपरीत काम गर्न थाले, बचतकर्ताको बचतलाई दुरुपयोग गर्ने अधिकार कसैलाई पनि हुँदैन, सहकारीमा आबद्धहरुले नै समाधान गर्ने हो, सरकारले सल्लाह दिने हो, यो बाटो जाउ भन्ने हो, सरकारले समस्या समाधान गर्ने होइन”, मन्त्री अधिकारीले भने। सदस्यले पनि सबै कुराको जिम्मा सञ्चालकलाई दिन नहुने उनको धारणा छ।

“शिक्षक, डाक्टर तथा वकिल सबै यो क्षेत्रमा छन्, सर्वप्रथम मेरो कर्तव्य के हो भन्ने बुझ्नुपर्छ, त्यो बुझ्न सकियो भने यो समस्या आउँदैन”, मन्त्री अधिकारीले भने । लेखा सुपरीवेक्षण समितिमा पनि खोट रहेको उल्लेख गर्दै उनले अहिलेको समस्या समाधान गर्न अहिलेदेखि नै लाग्न आवश्यक रहेको बताए।

# महिला बालबालिकाको क्षेत्रमा काम गर्न बाकी छ : मन्त्री चौधरी

**टुडे समाचारदाता**

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले पछिल्लो दशकमा महिला तथा बालबालिकाको अवस्थामा सुधार आए पनि यस क्षेत्रमा अझै काम गर्न बाँकी रहेको बताएकी छन् ।



मन्त्रालयले प्रकाशन गरेको ‘नेपालमा लैङ्गिक समानता तथ्य र तथ्याङ्क’ शीर्षकको पुस्तक सार्वजनिक गर्दै उनले विभिन्न अध्ययनले निकालेको निष्कर्षलाई समेट्दै प्रकाशन गरिएको पुस्तक सबैका लागि उपयोगी रहेको छ भनिन् । उनले यसलाई अझ सात सय ५३ वटै पालिकालाई समेट्ने गरी तथ्याङ्क विश्लेषण गर्न सकेको भए अझ प्रभावकारी हुने सुझाव दिईन् । “ज्येष्ठ नागरिक, अपाङ्गता भएकाको क्षेत्र, सम्मानित महिनावारीलगायतका विषयमा पनि अझ काम गर्न सकिन्छ”, उनले भनिन्, “विकास साझेदारले सहयोग गर्नुभयो भने अझ धेरै क्षेत्र हामी काम गर्न सक्छौँ, विषयवस्तु बृहत्तर बनाउन पनि सहज हुनेछ ।”

मन्त्री चौधरीले अझै पनि ७९ दशमलव ८ प्रतिशत महिला हिंसामा पर्ने गरेको तथ्याङ्क हुनु दुःखद् रहेको बताईन् । उनले भनिन्, “राजनीतिक रूपमा महिलाको सहभागिता ३३ प्रतिशत भए पनि निर्वाचितको संख्या भने ५ दशमलव ५ प्रतिशत मात्रै छ। आरक्षित सिट दिँदा संख्या धेरै छ तर प्रतिस्पर्धामा आउँदा हाम्रो सहभागिता न्यून नै छ।”


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरी
जलेश्वर, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८१/०१/२६ गते**

यस कार्यालयबाट मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/१२/१९ मा प्रकाशित तपशिल बमोजिमका निर्माण कार्यका बोलपत्र आव्हानको सूचना अनुसार पर्न आएका बोलपत्रहरुको प्राविधिक मूल्याङ्कन भई खोलिएको आर्थिक प्रस्ताव मध्ये सबैभन्दा कम मूल्य कवोल गर्ने सारभूतरुपमा प्रभावग्राही र E-bidding मार्फत बोलपत्र गरेकोले तपशिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजन बमोजिम सम्बन्धित सबैको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम/ठेगाना | कबोल अकं (मू.अ.कर र PS सहित ) | कैफियत |
|---|---|---|---|---|
| 1 | 01/PHJ/W/ NCB/080/81 | Janakpur Construction and Tubewell Drilling Company Pvt Ltd, Janakpur-14 | Rs 15,65,338.00 | |
| 2 | 03/PHJ/W/ NCB/080/81 | Munal and Utsav Nirman Sewa Pvt Ltd Dhanushadham-07 | Rs 29,01,086.55 | |

मे.सु

# हमासद्वारा बन्धक मुक्तिका लागि मध्यस्थता प्रस्ताव स्वीकार

**एएनआई**

गाजा ।हमासले कतार र इजिप्टको मध्यस्थताको प्रस्ताव स्वीकार गरेको छ । यो गाजामा चलिरहेको द्वन्द्वमा सम्भावित सफलताको प्रतीक भएको सिएनएनले जनाएको छ । भरपर्दो स्रोतबाट सिएनएनले प्राप्त गरेको दस्तावेजमा उल्लिखित प्रस्तावले तनाव कम गर्न र दिगो शान्तिका लागि मार्गप्रशस्त गर्ने उद्देश्यले विस्तृत योजना प्रस्तुत गरेको छ ।



दस्तावेजअनुसार सम्झौता तीन चरणमा लागु हुनेछ र प्रत्येक चरण ४२ दिनसम्म चल्नेछ। पहिलो चरणको छ हप्ताको अवधिमा महिला, बालबालिका, वृद्ध र बिरामीसहित ३३ जना इजरायली बन्धकहरूको रिहाइ समावेश छ।बदलामा इजराइली सेना बिस्तारै गाजाका केही भागहरूबाट फिर्ता हुनेछन् । जासुसी उडानहरू दैनिक १० घण्टाका लागि रोकिनेछ भने निरस्त्र प्यालेस्टिनीहरूलाई गाजा पट्टीभर स्वतन्त्र आवागमनको अनुमति दिइनेछ। यसका अतिरिक्त विनिमय प्रक्रियाका लागि निर्दिष्ट मापदण्डसहित,सयौँ प्यालेस्टिनी कैदीलाई रिहा गर्ने तयारी गरिएको सिएनएनले उल्लेख गरेको छ।

सम्झौतामा हमासले रिहा गरेको प्रत्येक इजरायली बन्धकका लागि ३० प्यालेस्टिनी महिला तथा बालबालिका रिहा गरिने उल्लेख छ । साथै समान उमेर समूहका प्रत्येक इजरायली बन्धकका लागि ५० वर्षमाथिका ३० जना प्यालेस्टिनी कैदीहरू पनि रिहा गरिने छ । यसबाहेक ३३ जना बन्धकहरूमा महिला आइडिएफ सैनिकहरू समावेश छन् । रिहा गरिने प्रत्येक आइडिएफ महिला सैनिकका लागि ५० जना प्यालेस्टिनी कैदीलाई रिहा गर्न इजराइल सहमत भएको छ । यीमध्ये ३० जना आजीवन कारावासको सजाय भोगिरहेका छन् ।

सम्झौताको मानवीय पक्षलाई गाजामा अस्थायी आश्रय र घरहरूका साथै अस्पताल र बिजुली संयन्त्र जस्ता प्रमुख पूर्वाधारको पुनःस्थापनासहित सहायताको प्रवेशलाई सहज बनाउन व्यापक जोड दिइएको छ । सम्झौताको दोस्रो चरणमा पुरुष नागरिक र आइडिएफ पुरुष सैनिकसहित बाँकी बन्धकहरूको रिहाइका साथै गाजामा शान्तिको स्थायी अवधि प्राप्त गर्न प्राप्त गर्न केन्द्रित गरिएको छ।

यद्यपि दस्तावेजमा यस चरणको विशिष्ट विवरणलाई सम्पूर्णरूपमा खुलासा नगरिए पनि पहिलो चरणमा भएको प्रगतिमा अगाडि बढ्ने अनुमान गरिएको सिएनएनले बताएको छ । सम्झौताको तेस्रो र अन्तिम चरणमा गाजाका लागि तीनदेखि पाँच वर्षको विस्तृत पुनर्निर्माण योजनाको रूपरेखा तयार पारिएको छ । यस चरणले यस क्षेत्रको पुनर्निर्माण र यस क्षेत्रका बासिन्दाहरूका लागि स्थिरता र समृद्धिलाई बढावा दिने दीर्घकालीन प्रतिबद्धतालाई जोड दिन्छ।

युद्धविराम गराउन र सम्झौताको कार्यान्वयनलाई सहज बनाउन अन्तर्राष्ट्रिय प्रयासहरू जारी छ । कतारको प्रतिनिधिमण्डलले कायरोमा अप्रत्यक्ष वार्ता जारी राख्ने तालिका रहेको छ। इजिप्ट र कतारको प्रस्ताव हमासले स्वीकार गरेपछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले इजराइली सरकार र हमास दुवैलाई युद्धविराम सम्झौतामा सहमत हुन आह्वान गर्नुभएको छ।

कतारले द्वन्द्वको द्रुत समाधान र गाजामा मानवीय सहायताको दिगो प्रवाहका लागि आशा व्यक्त गर्दै घटनाक्रमले अधिकारी र हितग्राहीहरूबीच आशा जगाएको बताएको छ। जोर्डनका विदेशमन्त्री अयमान सफादीले यस्ता भावनाहरू दोहोर्याउँदै व्यापक सम्झौतामा पुग्न तत्काल आवश्यक रहेको कुरामा जोड दिनुभएको छ।

# बालबालिकालाई तेजिलो बनाउन तेक्वान्दो

**सिन्धुली** । रातको अँध्यारोले बिहानीको उज्यालो नहुँदै झिसमिसेमा होस् वा बेलुका डुब्दै गरेको पहैँलो घामले साँझसँगै गोधुलीलाई नदेख्दै सिन्धुलीको लोकतान्त्रिक चौरमा बालबालिकाहरु उफ्रिरहेका हुन्छन् । दैनिक बिहान बेलुकाको समयमा उत्साहका साथ उनीहरु तेक्वान्दो खेल सिकिरहेका भेटिन्छन् ।



खेलले बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्ने भएकाले शिक्षित अभिभावकले आफ्ना बालबालिकालाई सानै उमेरदेखि तेक्वान्दो खेलको अभ्यास गर्न पठाउने गरेका छन् । जिल्लाभित्रैका कतिपय ठाउँका बालबालिकाले प्रशिक्षकको अभावमा शुल्क तिरेर पनि तेक्वान्दो खेलको अभ्यास गर्न पाएका छैनन् । खेलमा विशेष रुचि भए पनि विभिन्न समस्याका कारण खेल अभ्यास गर्न पाउने अवसरबाट वञ्चित छन् । तर सिन्धुलीको सदमुकाम सिन्धुलीमाडी क्षेत्रका बालबालिकाले दैनिक निःशुल्क तेक्वान्दो खेलको अभ्यास गर्न सक्छन् । यो अवसर यहाँका बालबालिकाले ३३ वर्षदेखि पाइरहेका छन् ।

कमलामाई नगरपालिका-४ धुराफाँटकी तुलसा श्रेष्ठ यो अभ्यासमा दुई वर्षअघिदेखि नियमित सामेल हुनुहुन्छ । बिहान सबेरै घरमा मनतातो पानी पिएर तेक्वान्दो खेल अभ्यासमा निस्कनु हुन्छ । जनज्योति माध्यमिक विद्यालय, फोस्रेटारमा माध्यमिक तहको शिक्षा प्राप्त गरिरहनु उहाँ बेलुका विद्यालयबाट पढेर घर फर्केपछि सोही कार्य दोहोर्‍याउनु हुन्छ।

चौरमा पुगेर आफू जस्तै साथीहरुसँग दौडनुहुन्छ । टाउको, आँखा, मुख, घाँटी, औंला, नाडी, कुम, कम्मर, हिप, गोडा र पैतलाको व्यायाम गर्नु हुन्छ। खेलमा साइज स्ट्रेच, किक एक्सरसाइज लगायत खेलाडीको स्तरअनुसार सत्रुको कल्पनामा गरिने आत्मारक्षाको स्टेपहरु हुन्छन् । उहाँले यो अभ्यासका लागि बिहानको दुई घण्टा र बेलुकाको दुई घण्टा छुट्ट्याउनु भएको छ।

तेक्वान्दो खेलमा हाफ ब्ल्याक बेल्ड प्राप्त गरिसक्नुभएकी श्रेष्ठ खेल अभ्यासले आफ्नो क्षमता विकासमा सहयोग गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “खेल अभ्यासले खेलाडी मात्रै बनाउँदैन, असल खानपानको अभ्यास गराउँछ। समग्रमा असल नेतृत्व क्षमता भएको व्यक्तित्व निर्माण र अनुशासित बनाउन मद्दत गर्दछ । सानातिना आक्रमणलाई प्रतिकार गरेर अगाडि बढ्ने सामर्थ प्रदान गर्दछ।”

खेल अभ्यास गर्र्ने बालबालिका पढाइबाट बचेको समयमा चौरमै भेला हुन्छन् । राम्रो जीवनशैलीका लागि असल व्यवहारका बारेमा प्रशिक्षकको प्रवचन सुन्ने, खेलको अभ्यास गर्ने र अन्य रचनात्मक र सिर्जनशील काममा केन्द्रित हुन्छन् । यसले खराब आनीबानी भएका साथी र गलत सङ्गतबाट बालबालिकालाई जोगाउन सहयोग पुगेको अभिभावकहरुको भनाइ छ।

कनपा-७ माझीटारकी आकृति माझिकाअनुसार तेक्वान्दोका प्रशिक्षक (कोच) डम्बर आलेले तेक्वान्दो खेलसँगै असल खानपान, असल जीवनशैली, असल व्यवहार, व्यायाम, आचारण र असल सङ्गतका बारेमा पनि सिकाउनु हुन्छ । उहाँ भन्नुहुन्छ, “अस्वस्थकर खानपान र जीवनशैलीले हामीलाई विभिन्न रोगले च्याप्छ। बिहान सबेरै उठ्ने, नियमित व्यायाम गर्ने, स्वस्थकर र सन्तुलित खानेकुराहरु मात्रै खाने र हानिकारक तत्वहरुबाट बच्नु पर्छ।”

तेक्वान्दोलाई विशुद्ध खेलमात्र नभए स्वस्थ, तन्दुस्त, निरोगी र फुर्तिलो रहने उत्तम व्यायामका रुपमा लिनुहुन्छ, कमलामाई नगरपालिका-७ सिन्धुलीका स्थानीवासी तथा तेक्वान्दो खेलका प्रशिक्षक (कोच) डम्बर आले । विसं २०४८ देखि सिन्धुलीमा निरन्तर निःशुल्क तेक्वादो खेल सिकाउँदै आउनुभएको छ। खेलले स्वास्थ स्वस्थ, निरोगी बनाइराख्न र बालबालिकालाई आँटिलो र तेजिलो बनाने उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “कसैले कुनै पनि प्रकारको हिंसा गरेमा प्रतिकार गर्न सक्ने क्षमताको विकास गर्दछ। खेलले शारीरिक, मानसिक स्वास्थ्य स्वस्थ राख्न मद्दत गर्दछ। लागुऔषध दुर्व्यसनी र मोबाइल, इन्टरनेटको लतबाट बचाउनसमेत खेलले सहयोग गर्दछ।” ध्यान, आत्मरक्षा, आत्मविश्वास, आत्मसम्मान, अनुशासन तथा व्यक्तित्व विकासका लागि बालबालिकाई तेक्वान्दो खेल अभ्यास गराउन उहाँ सम्पूर्ण अभिभावकलाई सुझाव दिनुहुन्छ । प्रशिक्षक आलेका अनुसार तेक्वान्दो अभ्यास गरेका बालबालिकालाई खेलको अलवा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, वन रक्षक जस्तो क्षेत्रमा प्रवेश गर्न सजिलो भएको छ।

> राष्ट्रिय खेलकुद परिषद्ले प्रत्येक विद्यालयमा एक जना खेलकुदका लागि शिक्षक राख्ने नीति लिएको भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको उहाँको गुनासो छ ।

राष्ट्रिय खेलकुद परिषद्ले प्रत्येक विद्यालयमा एक जना खेलकुदका लागि शिक्षक राख्ने नीति लिएको भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको उहाँको गुनासो छ । कमलामाई नगरपालिकाभित्र रहेका पाँच वटा बोडिङ स्कुलले भने कार्यान्वयनको सुरुआत गरेका छन् । “तीनै तहका सरकारले खेल क्षेत्रलाई थप व्यवस्थित र विकाससँगै विस्तार गर्न जरुरी छ”, प्रशिक्षक आले भन्नुहुन्छ, “तेक्वान्दो खेलको विकास र विस्तारले देशमा स्वस्थ नागरिक उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्दछ।”


उहाँले हाल २० वर्षमुनिका ५० जनाभन्दा बढी बालबालिकालाई दिनुहुँ निःशुल्क तेक्वान्दो सिकाइरहनु भएको छ। अभिभावक अनिता तामाङ तेक्वान्दो खेल तालिममा जान थालेपछि आफ्नो छोरीमा धैरै परिर्वतन आएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “खेलले बालबालिकालाई हरेक क्षेत्रमा सबल र सक्षम बनाउन सहयोग गरेको छ। असल खानपान, असल व्यवहार र अनुशासित बन्न पनि प्रेरित रहेको छ।

निःशुल्क तेक्वान्दो सिक्ने अवसरको बढी लाभ बालिका तथा किशोरीहरुले लिन पाएका छन् ।

पहिला तेक्वान्दो खेलको अभ्यास गर्ने बालक र किशोर मात्रै हुने गर्दथे । खेलबाट आफ्नो आत्मारक्षा आफैँले गर्न सक्ने क्षमताको विकास हुने बुझाई जनमानसमा विस्तार हुँदै गएकाले पछिल्लो समय तेक्वान्दो अभ्यासमा बालिका र किशोरीको उल्लेखनीय सहभागिता देखिन थालेको छ।

बालबालिका मात्रै होइन, मोटोपनाबाट ग्रसितहरुले पनि तेक्वान्दोको सहारा लिएर शरीरलाई सन्तुलनमा राख्न थालेका छन् । सिन्धुलीगढी तेक्वान्दो दोजाङ र जिल्ला तेक्वान्दो सङ्घका अनुसार हाल जिल्लाभर चार सय तेक्वान्दोका खेलाडी छन् ।रासस

# भारतमा लोकसभाका लागि तेस्रो चरणको मतदान सम्पन्न



**एएनआई**

नयाँदिल्ली । भारतमा मंगलबार लोकसभाको ९३ स्थानका लागि मतदान सम्पन्न भएको छ । भारतीय निर्वाचन आयोगका अनुसार देशका १२ राज्य र केन्द्रशासित प्रदेशमा बिहान ७ बजेदेखि मतदान सुरु भएको थियो । तेस्रो चरणमा आसामका ४, बिहारका ५, छत्तीसगढका ७, गोवाका २, गुजरातका २५, कर्नाटकका १४, महाराष्ट्रका ११, मध्यप्रदेशका ८, उत्तर प्रदेशका १०, पश्चिम बंगाल राज्यका ४ र केन्द्रशासित नगर हवेली एवं दामनका २ स्थानमा चुनाव भएको छ।

यस चरणमा १२० जना महिला सहित एक हजार ३०० उम्मेदवार चुनावी मैदानमा छन् । करिब १७ करोड मतदाता मंगलबारको निर्वाचनमा सहभागी भएको जसका लागि १ लाख ८५ हजार मतदान स्थल रहेको आयोगको भनाई छ। मंगलबारका लागि तय भएको जम्मु काश्मिरको अनन्तनाग-रजौरीको निर्वाचन स्थगित गरिएको र उक्त निर्वाचन आगामी मे २५ का लागि तय भएको निर्वाचन आयोगले जनाएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलेगुजरातकोअहमदाबादस्थित निशान माध्यमिक विद्यालयको मतदान स्थलमा मंगलबार मतदान गरेका थिए। यसअघि प्रधानमन्त्री मोदीले आमजनतालाई तेस्रो चरणको मतदानमा सक्रिय र व्यापक रुपमा सहभागी हुन आह्वान गर्नु भएको थियो।

तेस्रो चरणको यस निर्वाचनमा केन्द्रीय गृहमन्त्री अमित शाह, मध्यप्रदेशका पूर्व मुख्यमन्त्री शिवराज सिंह चौहान र दिग्बिजय सिंह, मन्त्रीहरु ज्योतिरादित्य सिन्दिया, मनसुख मान्डविय, समाजवादी पार्टीकी नेतृ डिम्पल यादव, भारतीय कम्युनिष्ट पार्टीका नेता सुप्रिया सुले समेतका नेताहरु चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यसअघि सन् २०१९ को चुनावमा मंगलबार भइरहेका ९३ स्थानमध्ये भारतीय जनता पार्टीले ७२ स्थानमा जित हासिल गरेको थियो।

मंगलबारको तेस्रो चरणको निर्वाचनपछि भारतीय लोकसभाको कूल सिट ५४० मध्ये आधामा मतदान सम्पन्न भएको छ। सात चरणमा भइरहेको भारतको लोकसभाको निर्वाचन गत अप्रिल १९ तारिखबाट सुरु भएर आगामी जुन १ तारिखमा सम्पन्न हुँदैछ । यस चुनावमा प्रधानमन्त्री मोदीको नेतृत्वको भारतीय जनता पार्टीले लगातार तेस्रो पटक विजय हासिल गर्नेगरी प्रचार गरिरहेको छ।

# गाजामा बढ्दो तनावबीच रफाह आक्रमण विरुद्ध राष्ट्रसङ्घीय प्रमुखको चेतावनी

**एएनआई**

न्युयोर्क ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सोमबार कडा चेतावनी जारी गर्दै रफाहको भूमि आक्रमण ‘असहनीय’ हुने बताउनुभएको छ। उहाँले यसको विनाशकारी मानवीय परिणाम तथा यस क्षेत्रमा सम्भावित अस्थिर प्रभाव हुने बताउनुभएको सिएनएनले बताएको छ।

सोमबार राति इजराइली लडाकु विमानहरूले बम प्रहार गरेका धैरै घरहरूको भग्नावशेषमुनिबाट धैरै सहिद र घाइतेलाई निकाल्न सफल भएका छन्”, प्यालेस्टिनी डिफेन्सको विज्ञप्तिमा भनिएको छ। सिभिल डिफेन्सले जारी गरेको तस्बिरहरूले बमबारी भएका घरहरूको भग्नावशेषमुनि हताहत भएका धैरैलाई फेला पारेको विज्ञप्तिमा उल्लेख छ। मङ्गलबार बिहान जारी एक फेसबुक पोस्टका अनुसार रफाहको कुवेत अस्पतालमा ११ जनाको मृत्यु भएको बताइएको छ।



“रफाहमा स्थलगत आक्रमणले विनाशकारी मानवीय परिणाम र यसको अस्थिर प्रभाव असहनीय हुनेछ”, उहाँले भन्नुभयो, “मैले इजराइली सरकार र हमासको नेतृत्वलाई युद्धविराम सम्झौतामा पुग्नका लागि अतिरिक्त प्रयास गर्न कडा अपिल गरेको छु, यो यस्तो अवसर हो जसलाई छाड्न सकिँदैन।” प्यालेस्टिनी सिभिल डिफेन्सका अनुसार मङ्गलबार बिहान रफाहमा धैरैवटा हवाई आक्रमणका कारण तनाव बढ्दा मानसिहरू हताहतमा परेका छन् भने कयौं घाइते भएका छन् ।

“सिभिल डिफेन्स टोलीहरूले दक्षिणी गाजा पट्टीको रफाह प्रान्तका विभिन्न स्थानमा

बढ्दो हवाई आक्रमणका बीच इजराइली प्रधानमन्त्रीको कार्यालयले सोमबार ‘हमासमाथि सैन्य दबाब दिन’ रफाहमा सैन्य कारबाही जारी राख्ने पुष्टि गरेको छ। इजराइली रक्षा बल (आइडीएफ) ले पूर्वी रफाहमा हमासका आतङ्कवादी लक्ष्यहरू विरुद्ध जारी लक्षित आक्रमणहरू गरेको बताएको छ ।सिभिल डिफेन्सका अनुसार आइतबारदेखि सोमबारसम्म रातभर भएको घातक बमबारीपछि कम्तीमा २६ जनाको ज्यान गएको थियो।

# सर्बियाको भ्रमणअघि राष्ट्रपति सीद्वारा नाटोको आलोचना



**एएफपी**

बेलग्रेड । चीनका राष्ट्रपति सी जिनपिङले सन् १९९९ मा युगोस्लाभियामा चिनियाँ दूतावासमा भएको बम विस्फोटको आलोचना गर्दै बेइजिङले ‘यस्तो दुःखद इतिहासलाई कहिल्यै दोहोरिन अनुमति नदिने’ चेतावनी दिनुभएको छ।

कोभिड महामारीपछि युरोपको पहिलो भ्रमणको अर्को विश्राममा सर्बियाली राजधानी बेलग्रेड पुग्नअघि सीले मङ्गलबार सर्बियाली दैनिक पोलिटिकामा उक्त चेतावनी दिनुभएको हो । उहाँको भ्रमण सैन्य गठबन्धनद्वारा बम विस्फोटको २५औं वार्षिकीसँग मेल खान्छ। तीन जनाको मृत्यु हुने गरी भएको उक्त बम विस्फोटका लागि सिआइए म्यापिङ त्रुटिमा दोषी ठहराइएको थियो।

“आजभन्दा २५ वर्षअघि नाटोले युगोस्लाभियामा चिनियाँ दूतावासमाथि गरेको बम आक्रमणमा तीन चिनियाँ पत्रकार मारिएका थिए”, सीले पोलिटिकामा लेख्नुभएको छ, “यसलाई हामीले कहिल्यै बिर्सनु हुँदैन, चिनियाँ जनता शान्ति चाहन्छन् तर यस्तो प्रकारको दुःखद इतिहासलाई कहिल्यै दोहोरिन अनुमति दिनेछैनौं।”

# इरानलाई सहयोगका लागि ‘ठोस’ कदम चाल्न आइएइए प्रमुखको आग्रह

**एएफपी**

इस्फाहान । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीले मङ्गलबार इरानसँग मुलुकको आणविक कार्यक्रममा सहयोग सुदृढ गर्न ‘ठोस’ कदम चाल्न आग्रह गर्नुभएको छ। इरानी सहर इस्फाहानमा आयोजित पत्रकार सम्मेलनमा इरानी अधिकारीहरूसँगको छलफलमा उनीहरूले ‘सहयोगलाई तीव्रता दिन लागु गर्न सकिने ठोस, अत्यन्त व्यावहारिक र मूर्त उपायहरूमा ध्यान केन्द्रीत गर्ने’ प्रस्ताव गरेको उहाँले बताउनुभयो।

ग्रोसीले इरानका आणविक ऊर्जा सङ्गठनका प्रमुख मोहम्मद इस्लामीलगायत वरिष्ठ इरानी अधिकारीहरूसँग छलफल गर्नुभएको थियो। आएइएका महानिर्देशक ग्रोसीले इरानसँग सन् २०२३ मार्चको सम्झौता ‘अझै पनि वैध’ रहेको तर यसमा थप ‘तत्व’ थप्न आवश्यक रहेको बताउनुभयो । उक्त सम्झौता ग्रोसीको पछिल्लो इरान भ्रमणका क्रममा भएको थियो र सम्झौतामा सुरक्षा उपाय तथा अनुगमनसहित आधारभूत सहयोग मापनलाई रेखाङ्कित गरिएको थियो । यद्यपि आइएइए प्रमुखले उक्त सम्झौताको कार्यान्वयनमा ‘सुस्तता’ आएको बताउनुभयो । संयुक्त राज्य अमेरिकाले सन् २०१८ मा एकतर्फी सम्झौताबाट पछि हटेर व्यापक प्रतिबन्धलाई पुनः लागु गरेपछि इरानले प्रमुख शक्तिहरूसँग सन् २०१५ को ऐतिहासिक सम्झौताले निर्धारण गरेको आणविक गतिविधिमा रहेको सीमाको पालनालाई निलम्बन गरेको छ। सम्झौता टुटेपछि इरान र आइएइएबीच बारम्बार तनाव बढेको छ र युरोपेली सङ्घ (इयु) को मध्यस्थता प्रयासहरू अहिलेसम्म वासिङ्टनलाई फिर्ता ल्याउने र तेहरानलाई सम्झौताका सर्तहरू पुनः पालना गराउन विफल भएका छन्।


एजेन्सीले हालैका महिनाहरूमा इरानको आणविक कार्य विस्तार, निरीक्षकहरूमाथि प्रतिबन्ध र आफ्नो आणविक केन्द्रहरूमा एजेन्सीको अनुगमन उपकरणलाई निष्क्रिय पार्नेजस्ता मुद्दामा सहयोगको अभावका लागि आलोचना गरेको छ।

फेब्रुअरीमा एएफपीले देखेको गोप्य रिपोर्टबारे एजेन्सीले इरानको समृद्ध युरेनियमको अनुमानित भण्डार सन् २०१५ को सम्झौतामा निर्धारित सीमाभन्दा २७ गुणा बढी भएको बताएको छ । गत वर्ष इरानले उसको युरेनियम संवर्धनको गतिलाई सुस्त बनाएको थियो र यसलाई अमेरिकासँग अनौपचारिक छलफल सुरु हुँदा सद्भावना सङ्केतका रूपमा हेरिएको थियो।

यद्यपि आएइएका अनुसार इरानले सन् २०२३ को उत्तरार्धमा ६० प्रतिशत संवर्धित युरेनियमको उत्पादनमा तीव्रता ल्याएको छ। सैन्य प्रयोगका लागि करिब ९० प्रतिशत संवर्धन स्तर आवश्यक हुन्छ।

सम्मेलनका क्रममा इस्लामीले ग्रोसीसँगको छलफल ‘रचनात्मक’ थियो भन्दै सन् २०२३ को सम्झौता इरान र एजेन्सीबीच ‘छलफलका लागि राम्रो आधार’ भएको कुरामा सहमति भएको बताउनुभयो।

# किसान बायोग्यासतर्फ आकर्षित



झापा । बुद्धशान्ति गाउँपालिकामा बायोग्यास प्रयोगकर्ता बढेका छन् । किसानका लागि वडाले अनुदान कार्यक्रम ल्याएपछि पशुपालक किसानले बायोग्यासको प्रयोग बढाएका हुन् ।

बुद्धशान्ति गाउँपालिका-१ मा यो कार्यक्रम लागू भएसँगै बायोग्यास प्रयोगकर्ता बढेको वडाध्यक्ष अनिल वाग्लेले बताउनुभयो । वडाको दीर्घकालीन योजनाअन्तर्गत किसानलाई रु १० हजार अनुदान दिएपछि आर्थिक वर्ष २०८०/ ८१ मा बायोग्यास जडान गर्न किसान आकर्षित भएका हुन् । बुद्धशान्ति वडा नं १ ले पशुपालनका लागि किसानलाई प्रोत्साहन गर्दै ऊर्जाका लागि हुँदै आएको खर्च कटौती पनि हुने र २० वर्षमाथि टिकाउ हुने गोबरग्यास निर्माणमा प्रतिप्लान्ट रु १० हजार अनुदान सहयोग गरेको हो ।

पशुपालक किसानलाई सुविधा होस् भनेर वडाले गाईभैंसीको ‘एआई’ सेवामा सहुलियत दिएको वडाध्यक्ष वाग्लेले बताउनुभयो । कृत्रिम गर्भाधान सेवामा किसानको रु एक सय र बाँकी रु तीन सय वडाले सहुलियत दिइरहेको वडाध्यक्ष वाग्लेले बताउनुभयो।वडा कार्यालयको अनुदान रकमको व्यवस्थापन, लोक कल्याण बायोग्यास कम्पनी र मुनाल बायोग्यास कम्पनीसँगको सहकार्यमा वडा नं १ का २९ घरमा गोबरग्यास प्लान्ट स्थापना गरिएका छन् । एक परिवार बराबर वार्षिक रूपमा रु २० देखि ३० हजारको ग्यास खपत हुने गरेको बताइएको छ ।

किसानको मागलाई ध्यानमा राखेर आगामी आर्थिक वर्षमा पनि अनुदानको व्यवस्था गरिने वडाध्यक्ष वाग्लेले बताउनुभयो । घरघरमा बायोग्यास जडान गरिएसँगै सिलिण्डरको ग्यास खपत घट्ने मुनाल बायोग्यास कम्पनीका महाप्रबन्धक श्याम खनालले बताउनुहुन्छ । बायोग्यास प्रयोगमा किसानलाई दोहोरो फाइदा हुने बताउँदै उहाँले भन्नुभयो, “बायोग्यास प्रयोग गर्दा बिनालगानी लामो समयसम्म ग्यास प्रयोग गर्न सकिने र गोबरबाट कम्पोष्ट मल बनाउन सकिने हुँदा किसानलाई दोहोरो फाइदा हुन्छ।”

विश्वमा बढ्दै गएको ऊर्जा सङ्कटलाई सम्बोधन गर्न बायोग्यास प्लान्टको भूमिका महत्त्वपूर्ण हुने देखिएको छ । कार्बन उत्सर्जनमा समेत सहयोग गर्ने बायोग्यासमा मिथेन ग्यास खपत भई मलका लागि आवश्यक सम्पूर्ण तत्व यथावत रहने हुँदा किसानलाई फाइदा पुग्ने नेपाल बायोग्यास प्रवर्द्धन सङ्घ कोशी प्रदेशका अध्यक्ष सन्तोष उप्रेतीले बताउनुभयो ।

लोक कल्याण बायोग्यास कम्पनी, मुनाल बायोग्यास कम्पनी तथा वडा कार्यलय र उपभोक्ताको त्रिपक्षीय कार्यक्रमअन्तर्गत कुल रु २१ लाख २४ हजारको लागतमा २९ घरमा बायोग्यास स्थापना भइरहेका छन् । गोबरग्यास प्लान्ट स्थापना गर्न वडा कार्यालयको सहयोगबाट राहत पुगेको बताउँदै समय र पैसा बचत भएको मात्र होइन सङ्कटमा समेत सहज हुने स्थानीय पदम भुर्तेलले बताउनुभयो। वडाले राम्रो काम गरेकाले यस कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।रासस

# अनुदानको प्रतीक्षामा बाँकेका किसान

राँझा । नेपालगञ्जस्थित कृषि ज्ञान केन्द्रमा कृषि अनुदानका लागि दैनिक किसानको भीड लाग्ने गरेको छ। ज्ञान केन्द्रले आह्वान गरेको सूचनाका आधारमा कृषि अनुदानका लागि प्रस्तावना दर्ता गरेका नौ सय बढी किसान

> “प्रस्तावअनुसार फिल्ड हेर्दा “क्लस्टर” नमिलेको, दोहोरो अनुदानमा संलग्न भएकालाई हटाउँदा पनि अझै पाँच सय किसानका प्रस्ताव बाँकी छन् ।”

अनुदानको आशमा दैनिक केन्द्रमा आउने गरेका छन् ।

“सिँचाइ अभावले खेतीमा समस्या व्यहोर्दै आएका किसान अनुदानको पर्खाइमा छौँ, नेपालगञ्ज-२२ का अगुवा किसान चक्र बुढामगरले भन्नुभयो, “ज्ञान केन्द्रले सिँचाइका लागि ‘डिपबोरिङ’मा अनुदान दिने भएपछि आशा जागेको छ।”सिँचाइका लागि मोटर तथा डिपबोरिङका लागि सूचना आह्वान गर्दा धेरै किसानले प्रस्तावना दर्ता गरेका कारण वितरणमा चुनौती भएको ज्ञान केन्द्रका कृषिविज्ञ जीवनकुमार केसीले बताउनुभयो।

अन्न उत्पादनका निम्ति उर्वरभूमि बाँकेमा सिँचाइ अभावले धान, गहुँलगायत खेती वर्षामा निर्भर हुनुपर्ने भएकाले सिँचाइका लागि ठूलो संख्यामा किसानको आवेदन परेको उहाँले बताउनुभयो । केन्द्रले यस वर्ष रु एक करोड ५० लाख अनुदान दिने तयारी गरेको छ। करिब एक सय किसानलाई रु एक लाख ५० हजारका दरले मोटर तथा डिपबोरिङका लागि अनुदान दिने योजना बनाए पनि ठूलो संख्यामा प्रस्ताव पेस भएकाले अनुदान रकम घटाएर वितरण गरिने कृषिविज्ञ केसीले जानकारी दिनुभयो ।

“प्रस्तावअनुसार फिल्ड हेर्दा ‘क्लस्टर’ नमिलेको, दोहोरो अनुदानमा संलग्न भएकालाई हटाउँदा पनि अझै पाँच सय किसानका प्रस्ताव बाँकी छन्”, उहाँले भन्नुभयो, “अब कृषक समूह र सहकारीलाई रु एक लाख ५० हजार र व्यक्तिगत रूपमा प्रस्ताव पेस गरेका किसानलाई रु ५० हजारका दरले अनुदान दिनेगरी सम्झौता गरिरहेका छौँ।” सरकारले कृषिप्रति आकर्षण बढाउन तथा उत्पादन वृद्धिको उद्देश्यले किसानलाई अनुदान दिँदै आएको छ ।रासस

# बजेट अधिवेशनका लागि सम्पूर्ण तयारी पूरा



काठमाण्डु । यही वैशाख २८ गते प्रारम्भ हुने बजेट अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सचिवालयले अधिवेशनका लागि गर्नुपर्ने आन्तरिक व्यवस्थापन र तयारीका सबै काम पूरा गरेको छ।

अधिवेशनमा आगामी आर्थिक वर्षका लागि सरकारको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत हुनका साथै आर्थिक, विनियोजन र राष्ट्र ऋण उठाउने विधेयक प्रस्तुत हुने जानकारी उहाँले दिनुभयो।

निर्वाध सदन सञ्चालनका निम्ति परामर्श गर्न सभामुख देवराज घिमिरेले आज संसद्मा प्रतिनिधित्व गरेका पाँच राजनीतिक दलका शीर्ष नेतासँग बैठक गर्दै हुनुहुन्छ । संसद् सचिवालयले सदन सञ्चालनका लागि बनाएको ‘क्यालेण्डर’ अनुरूप संसदीय गतिविधिमा सबै राजनीतिक दललाई सहयोग गर्न सभामुखले बैठकमा पुनः अनुरोध गर्नुहुने बताइएको छ।

सरकारले प्रत्येक वर्ष जेठ १५ गते वार्षिक आयव्ययको अनुमानित विवरण प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले सङ्घीय संसद्का दुवै सदनको बैठक आह्वान गर्नुभएको हो। विगतमा ‘प्रि-बजेट’ छलफल हुने गरेकामा यस वर्ष बजेटका प्राथमिकता र सिद्धान्तमा हिउँदे अधिवेशनमा नै त्यो कार्य पूरा भइसकेको छ।

प्रतिनिधिसभा र राष्ट्रियसभामा गरी २६ वटा विधेयक विचाराधीन छन् । राष्ट्रियसभामा मिडिया काउन्सिल विधेयक दर्ता भएको छ । प्रतिनिधिसभामा दर्ता भएका २४ वटा विधेयकमध्ये १४ वटा विषयगत समितिमा र १० वटा राष्ट्रियसभामा विचाराधीन छन् ।प्रमुख विपक्षी दल नेपाली कांग्रेसले जनताले बचत गरेको रकम विभिन्न सहकारीले हिनामिना गरेकालगायत विषयमा छानबिनका लागि संसदीय समिति गठनको माग गर्दै लामो समयसम्म संसद् अवरोध गरेपछि संसद्को हिउँदे अधिवेशन अन्त्य भएको थियो।

यसैबीच,सङ्क्षिप्त कुरा गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाले अधिवेशनलाई परिणामुखी तुल्याउन संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सांसदले जिम्मेवारीबोधका साथ भूमिका निर्वाह गर्न आवश्यक रहेको बताउनुभयो ।उहाँले भन्नुभयो, “अबका चुनौती पार लगाउँदै नागरिकमा आशा जगाउने र युवाशक्ति देशभित्रै रहने वातावरण सिर्जना गर्नेगरी नीति तथा कार्यक्रम सदनमा पेस गर्न सरकारले गृहकार्यमा जुटेको छ, त्यसका आधारमा बजेट पनि आउँछ।”रासस

# चितवनका केराले पाउन थाल्यो बजार



नारायणगढ ।पूर्वी चितवन रत्ननगरका केरा व्यवसायी बाबुराम भट्ट अहिले निकै हर्षित हुनुहुन्छ। विगतमा आफूले लगाएको केराले बजार पाउन नसके पनि अहिले आएर केराले बजार पाउन थालेपछि उहाँ आफ्नो व्यवसायमा उत्साहका साथ लाग्नुभएको छ।

उहाँले अहिले १२ बिघा क्षेत्रफलमा केरा खेती गर्दै आउनुभएको छ । उहाँले सुनाउनुभयो “विगत एक महिना अघिसम्म बिक्रीका लागि कठिन थियो। अहिले बजार राम्रो छ ।” यहाँको केराले बजार धान्ने अवस्था रहँदापनि भारतीय केरा आउने क्रम नरोकिएकाले मूल्यमा भने अघिल्ला वर्षको तुलनामा केही फरक भएको उहाँले बताउनुभयो । केरामानै भविष्य देखेर व्यावसायिक बन्नुभएका भट्ट अहिले आफ्नो उत्पादन दैनिक चितवनसहित काठमाडौँ, पोखरा र बुटवल जाने गरेको बताउनुहुन्छ।

अझै थप पाँच बिघा क्षेत्रफलमा केरा खेती विस्तारका लागि काम गर्दै आएको उहाँले सुनाउनुभयो । केराले बजार पाउन थालेपछि यहाँका अर्का केरा उत्पादक किसान सागर भट्टराईले अहिलेको बजार देख्दा यस व्यवसायमा लाग्न उत्साह बढेको बताउनुभयो । भारतीय केराका कारण यहाँको उत्पादन विस्थापित हुने हो की भन्ने चिन्ता रहँदै गर्दा अहिले आएर नेपाली केराले बजार पाउन थालेपछि आफुहरुलाई राहत मिलेको उहाँको भनाइ थियो।

रत्ननगरका विष्णुप्रसाद काप्रीले हाल केराको बजार राम्रो भएको अवस्थामा खडेरीका कारण उत्पादन भने घटेको बताउनुभयो । उहाँले भन्नुभयो, “सिँचाइ सुविधा भएको ठाउँमा त ठिकै होला तर हामीजस्ता १/२ बिघा क्षेत्रमा केरा लगाउने किसानलाई खडेरीले असर गरेको छ।” केरामा मल हाल्नका लागि आकाशे पानी कुरेर बस्न परेको उहाँको भनाइ थियो । चितवन केरा उत्पादक सङ्घका अध्यक्ष माधव घिमिरे भने चितवनको केरा बजारमा पहिलेको भन्दा केही सुधार भए पनि उत्साह भने भई हाल्ने स्थिति नभएको बताउनुहुन्छ।

यहाँ उत्पादन भएका मालभोग र जी नाइन जातका ठूला साइजका सग्ला केरा बिक्रीमा समस्या नभए पनि साना साइजका केरा भने नबिकेको उहाँको भनाइ छ। लगातार परेको खडेरीले गर्दा उत्पादनमा पनि समस्या रहेको भन्दै उहाँले भन्नुभयो, “धैरै साथीहरुले भाडामा जग्गा लिएर खेती गर्नुभएको छ । सबैको सिँचाइको लागि बोरिङ हाल्ने स्थिति पनि छैन।” भारतीय केरा नआउने हो भने यहाँ उत्पादन भएका सबै साइजका केरा बिक्रीमा समस्या नहुने र केराले मूल्यसमेत बढी पाउने उहाँको भनाइ थियो।

जिल्लामा विशेषगरी जी नाइन र मालभोग केरा उत्पादन हुँदै आएको छ। यहाँ उत्पादित दुबै केराले बजार पाएसँगै व्यवसायी उत्साहित भएको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन एकाइ केरा जोनका संयोजक विष्णुहरि पन्तले जानकारी दिनुभयो। यद्यपि लगातारको खडेरी, हावाहुरी र रोगकीराका कारण केराखेतीमा समस्या रहिनै रहेको र बजारीकरणमा भारतीय केराको मारबाट यहाँका किसान थप समस्यामा पर्ने गरेको उहाँले बताउनुभयो।

कार्यान्वयन एकाइका सूचना अधिकारी इन्द्रप्रसाद ढुङ्गानाले जिल्लामा हाल २२ हजार पाँच सय हेक्टर क्षेत्रफलमा केरा खेती गरिँदै आएको बताउनुभयो। उहाँले यो याममा जिल्लामा वार्षिक रुपमा उत्पादित केराको २५ प्रतिशत बजारमा आउने गरेको उहाँले जानकारी दिनुभयो। यस समयमा नेपाली केराले बजार धान्ने उहाँको भनाइ थियो । उहाँका अनुसार जिल्लामा वार्षिक ५६ हजार चार सय ४८ मेट्रिक टन केरा उत्पादन हुँदै आएको छ ।रासस

# साढे सात महिनापछि पर्याप्त वर्षा, किसानलाई राहत

पर्वत। साढे सात महिना लामो अवधिपछि वर्षा भएपछि पर्वतका किसानलाई राहत मिलेको छ। लामो समयसम्म खडेरी परेका कारण हिउँदे खेतीबाली प्रभावित भएपछि निराश भएका किसान सोमबार दिउँसोदेखि वर्षा भएर किसान हर्षित बनेका हुन्।

खेतबारीमा लगाएको गहुँ, तोरी, आलु फापर, जौ, तरकारीको उत्पादन न्यून हुँदा निराश बनेका किसान बर्खेबाली लगाउन पाउने भएपछि हर्षित बनेका छन्। वर्षा नहुँदा खेतबारीमा लगाएका मकै सुक्न थालेका थिए भने कोदो र धानको बीउ समेत उम्रिन पाएको थिएन ।सिँचाइको सुविधा भएका ठाउँका किसानभन्दा सिँचाइको सुविधा नभएका ठाउँका किसानलाई ठूलो राहत मिलेको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ। वर्षा भएपछि किसानलाई खेतबारी जोतखन गर्ने र बर्खे बाली लगाउन सहज भएको छ। वर्षा भएपछि किसान मकै गोडमेल गर्न व्यस्त हुन थालेका छन्।

गएको असोज पहिलो साता परेको वर्षापछि कात्तिक, मङ्सिर, पुस, माघ, फागुन, चैत महिनाभर वर्षा नभएका कारण सिँचाइको सुविधा नभएका ठाउँमा गरिएको गहुँ, आलु, जौ, फापरलगायतको खेती भने राम्रोसँग फस्टाउन नपाएको वरिष्ठ कृषि विकास अधिकृत परशुराम अधिकारीले बताउनुभयो। पर्वतमा सिँचाइ सुविधा पुगेको झन्डै आठ हजार हेक्टरबाहेक अधिकांश स्थानका किसान भने वर्षाको भरमा निर्भर रहनुपर्ने बाध्यता छ।

यसवर्ष खेतमा मकै लगाउन ढिला भएकाले अधिकांश किसानले बाँझै राखेको सापकोटाले बताउनुभयो। ढिलोगरी वर्षा भए पनि बारीमा मकै लगाउन, लहरेबालीलगायत विभिन्न तरकारी र बर्खे आलुलगाउन भने सहज भएको किसानको भनाइ छ। हरेक वर्षको एकपटक हिउँ पर्ने पर्वतको बनौँ, लेखफाँट, शालिजा, पन्चासे क्षेत्रमा यसपटक भने हिउँ नपरेको जलजला-९ बनौका वडा अध्यक्ष गौबहादुर पुनले बताउनुभयो।

कृषि ज्ञान केन्द्रका अनुसार खडेरीका कारण हिउँदे खेती उत्पादनमा ४० प्रतिशतभन्दा बढीले कमी आएको छ। सबैभन्दा बढी तेलहन र गहुँ बाली प्रभावित भएको वरिष्ठ कृषि विकास अधिकृत अधिकारीले बताउनुभयो। त्यसबाहेक फापर, जौ, आलुलगायत मौसमी तथा बेमौसमी तरकारीबाली समेत प्रभावित बनेको छ। वर्षा भएपछि वनजङ्गलमा लागिरहेको डढेलो पनि नियन्त्रणमा आएको छ भने प्रदूषण समेत क्रमशः घट्दै गएको डिभिजन वन कार्यालय पर्वतका प्रमुख झ्यामनारायण सापकोटाले बताउनुभयो ।रासस

# बेकरीबाट मासिक दुई लाख आम्दानी




धरान ।‘देशमा रोजगारीको अभाव र लगानीको वातावरण छैन’ भन्नेहरूका लागि धरानका दुई पौरखी युवकले बेकरी उद्योग सञ्चालन त्यसलाई असत्य साबित गरेका छन्।

आठ वर्षको वैदेशिक रोजगारीपछिफर्कनुभएका धरानका एनसी राई र वीरेन्द्र थापाले यहाँ लाखौंको लगनीमा बेकरी उद्योग सञ्चालन गर्नुभएको छ । उहाँहरूले रु १० लाख लगानीमा धरान उपमहानगरपालिका-१२ को अमान बजारमा बिस्कुट फ्याक्ट्री खोलेको उद्योग अहिले कोशी प्रदेशमा दोस्रो ‘लाइभ बेकरी’का रूपमा ब्रदर्श बेकरी स्थापित भएको उद्यमीहरू बताउँछन्।

धरान उपमहानगरपालिका-९ गौतमपथ र धरान-१७ रेल्वे लाइनमा गरी दुई वटा शाखा सञ्चालन गरिरहनुभएको छ । उहाँहरुले केक, आइसक्रिम, चकलेट, पाउरोटीलगायत सबै किसिमका बेकरीको व्यापार गर्दै आउनुभएको छ । उद्योगमा आठजनालाई रोजगारी पनि दिनुभएको छ । कामदारलाई मासिक रु आठदेखि ३० हजारसम्म तलब दिँदै आउनुभएको छ। उहाँहरूले आफ्नो परिवारका लागि खर्चसमेत यसैबाट पुर्याउँदै आउनुभएको छ।

उद्यमी एनसीले आफ्नो पुर्ख्यौली घर भोजपुरको हसनपुरबाट रोजगारीको सिलसिलामा विदेशमा लामो समय बिताएर स्वदेश फर्किएपछि व्यवसाय सुरु गर्नुभएको हो। उहाँ व्यवसायसँगै सामाजिक सङ्घसंस्थामा पनि आबद्ध भएर काम गरिरहनुभएको छ । हसनपुर- सुनसरी सम्पर्क मञ्च नेपालको सल्लाहकार, लायन्स क्लब धरानका क्यापेवल ट्रेजर, आशिष बचत तथा ऋण सहकारीको सञ्चालक समिति सदस्य, लड्स होम नेपालको बोर्ड समिति सदस्यसमेत हुनुहुन्छ भने भक्तपुरका वीरेन्द्र थापा धरानमा विगत २१ वर्षदेखि बेकरी सेफका रुपमा काम गर्दै आउनुभएको छ।

एक समय पाउरोटी, बिस्कुट मोटरसाइकलमा लिएर सिँधुवासम्म पुग्नुपर्थ्यो तर अहिले धनकुटा, भोजपुर, पाँचथर, इटहरी, दमक, झापालगायत विदेशबाट पनि धरानेहरूले केक माग गरिरहेका राईले बताउनुभयो । धरानमा शाखा सञ्चालनमा आएपछि उद्योगको प्रारम्भमा केक काट्ने र उत्सव मनाउने माहोल नै बनेको व्यापारी एनसी राई सुनाउनुहुन्छ। अहिले धरानमा मात्र नभएर धरान बाहिरका बेकरीका ग्राहकका लागि पनि आकर्षक बनेको छ- ब्रदर्श बेकरी।

दसैं, तिहार र क्रिसमससमा ५० प्रतिशत छुट र ६० वर्षभन्दा माथिकालाई सित्तैमा केक वितरण गर्दै आएको राई बताउनुहुन्छ । उहाँहरूले ब्रदर्श बेकरीका तर्फबाट तालिम पनि दिँदै आउनुभएको वीरेन्द्र थापा बताउनुहुन्छ । उहाँहरूसँग तालिम लिएर गएका भोजपुर, चक्रघट्टी, इटहरीलगायत धेरै स्थानका युवाले आफैं बेकरी सञ्चालन गरिरहेका थापा बताउनुहुन्छ ।लामो समयको वैदेशिक रोजगारीबाट फर्केपछि बेकरीको सीप भएका वीरेन्द्रसँग भेट भएपछि काम थालेको राई बताउनुहुन्छ। अहिले आफ्नै ठाउँमा आठ-दश जनालाई रोजगारीको अवसर प्रदान गर्न पाएकामा उहाँहरू हुनुहुन्छ।

धरानमा दुईवटा शाखा सञ्चालनमा छन् भने धरानभरि जम्मा १७ वटा एशोसिएट डिलरसमेत सञ्चालनमा छन् । उहाँहरूले सञ्चालन गर्दै आउनुभएको ब्रदर्स बेकरी उद्योगबाट आफ्नो सबै खर्च कटाएर मासिक रु दुईदेखि दुई लाख ५० हजारसम्म बचत हुने गरेको बताउनुभयो।

ब्रदर्स बेकरी अहिले सीप सिक्न चाहनेका लागि उपयुक्त थलो बनेको छ । उद्यमी राई भन्नुहुन्छ, “मेहनत आवश्यक छ, देशमा अवसर छैन भन्न मिल्दैन। विदेश पलायन हुनुभन्दा आफ्नै ठाउँमा मेहनत गर्दा प्रतिफल प्राप्त हुन्छ।”रासस


मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

उष्ण प्रदेशिय वागवानी नर्सरी विकास केन्द्र

जनकपुरधाम, धनुषा

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति : २०८१/०१/२६

यस उष्ण प्रदेशिय वागवानी नर्सरी विकास केन्द्र, धनुषाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थापित व्यवसायिक नर्सरीको सुदृढिकरण कार्यक्रम रहेको हुँदा नर्सरी (फलफूल तथा तरकारी) व्यवसाय सम्बन्धी संलग्न ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्र) दिन भित्र यस कार्यालयमा तपसिल अनुसारको कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धि थप जानकारीको लागि कार्यालयको वेबसाईट bagwanijanakpur.gov.np वा फोन नं. ९८४४५१०७१५, ९८४४०५१५७८ मा सम्पर्क गर्न सकिनेछ।

| सि. नं. | सूचना नं. | कार्यक्रमको नाम | अधिकतम अनुदान % | लक्षित सेवाग्राही |
|---|---|---|---|---|
| १ | १/०८०-०८१ | स्थापित व्यवसायिक नर्सरीको सुदृढिकरण कार्यक्रम | कार्यविधि/नर्मस अनुसार | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी |

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. निवेदन, प्रस्ताव पत्र, तथा प्रतिवद्बता पत्र। (निवेदन, प्रस्ताव पत्र तथा प्रतिवद्बता पत्रको ढाँचा यस कार्यालयको वेबसाइट www.bagwanijanakpur.gov.np बाट प्राप्त गर्न सकिन्छ।)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
३. कृषि फर्म/कम्पनी/संस्था /समूह/सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. जिम्मेवारी दिई खटाईएको व्यक्ति वा पदाधिकारीको अख्तियारी पत्र तथा अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
५. सम्बन्धित स्थानिय तह वा कृषि शाखाको सिफारिस
४. स्थायी लेखा नम्बर र आ.व.२०७९/८० को कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी
५. जग्गाको लालपुर्जाको प्रतिलिपी, जग्गा करारमा लिएको भए सो को अधिकारिक पत्रको प्रतिलिपी र न्यूनतम ५ (पाँच) वर्षको करार सम्झौता गरेको हुनुपर्ने।
६. कार्यक्रम संचालन हुने स्थानको जि पि एस कोड

# हुण्डी कारोबारी युवक १३ लाख नगदसहित पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । हुण्डी कारोबार गरेको आरोपमा प्रहरीले नगद १३ लाख १५ हजार रुपैयाँसहित वीरगञ्जबाट एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगन्ज-२२ जगरनाथपुरका २८ वर्षीय रविकुमार पटेल रहेका छन् ।



हुण्डी कारोबारी युवक १३ लाख नगदसहित पक्राउ

पक्राउ परेका पटेल र उनको साथबाट बरामद भएको नगद ।

वडा प्रहरी कार्यालय श्रीपुर र प्रहरी चौकी गण्डकबाट खटिएको संयुक्त प्रहरी टोलीले सोमबार दिउँसो ३ बजेतिर वीरगञ्ज-१४ गण्डकचोकबाट पटेललाई नियन्त्रणमा लिएको थियो । वीरगञ्जबाट परवानीपुरतर्फ जाँदै गरेका प्रदेश २-०३-०१० प ६७१९ नम्बरको मोटरसाइकल रोकी खानतलासी गर्दा पटेलले पिठ्युमा बोकेको झोलाभित्र लुकाई ल्याएको स्रोत नखुलेको १ हजार दरको ८ सय ८९ थान र ५ सय दरको ८ सय ५० थान, १ सय दरको १० थान गरी कुल १३ लाख १५ हजार रुपैयाँ बरामद भएको छ ।

उनको झोलाबाट विभिन्न बैंकको खाली चेकहरु ७ थानसमेत बरामद भएको छ । पटेललाई नियन्त्रणमा लिई उनीविरुद्ध बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ विरूद्धको कसूरमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम् सूचना अधिकारी डीएसपी कुमारविक्रम थापाले जानकारी दिए ।

# वर्षाले राहत, जनजीवन सामान्य

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम सहित तराई मधेशमा मंगलबार भएको बर्षाले आम जनताले राहत पाएका छन् । केही दिन देखिको प्रचण्ड गर्मीका कारण जनजीवन प्रभावित भएको अवस्थामा मंगलबार भएको बर्षाले जनजीवन सामान्य बनेको छ ।



तराई मधेशमा न्यूनतम तामपक्रम ३० र अधिकतम तापक्रम ४५ डिग्रि सेल्सियस सम्म मापन गरिएको थियो । गर्मीका कारण घरबाट बाहिर निस्कने अवस्था थिएन् भने यहाँका बजार व्यवसाय दिनभर ठप्प हुने गरेको थियो ।

अत्यधिक गर्मीका कारण खेतहरुमा धाजा परेको थियो । यस महिनामा किसानहरु आली बनाउने काम गर्ने गर्थे तर आलीमा कोदालोले माटो खन्न सक्ने अवस्था थिएन् जसका कारण किसानहरु आली समेत बनाउन सकेका थिएन् ।

अत्यधिक गर्मीका कारण तराई मधेशका जिल्लाहरुमा आगलागीका घटनाहरु समेत बढेको थियो । आगलागीका कारण मधेश प्रदेशमा मात्रै १० महिनामा ४६ करोड भन्दा बढीको क्षति भइ सकेको छ भने दर्जनौको मृत्यु समेत भएको छ ।

मधेश प्रदेशमा चालु आर्थिक वर्ष २०८०/८१ मा १२ सय आगलागीका घटना भएका छन् । गत साउनदेखि वैशाख १५ गतेसम्म प्रदेशका ८ वटै जिल्लामा १ हजार १सय ९९ वटा आगलागीका घटना भएका छन् ।

प्रदेशका ८ जिल्लामा भएका आगलागीका कारण २० जना मानिसले ज्यान गुमाएका छन् । १ सय २० जना घाइते भएका मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । आगलागीबाट प्रदेशमा ४४ करोड ५४ लाख ६४ हजार ४३२ रुपैयाँ बराबरको क्षति भएको छ ।

आगलागीबाट ८१ पक्की घर, ४ सय ८० कच्ची घर र २ सय २७ वटा गोठहरु जलेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । विभिन्न स्थानमा आगलागीका कारण २ सय ३ चौपाया मरेका छन् ।

कार्यालयका अनुसार सबैभन्दा बढी आगलागीका घटना सिरहामा भए । सबैभन्दा कम सर्लाहीमा भएको छ । सिरहामा २ सय १६ वटा आगलागीका घटना हुँदा सर्लाहीमा १ सय ४ आगलागी भएको प्रहरीको अभिलेख छ ।

सिरहामा आगलागीबाट ४ जना पुरुष र १ महिलसहित ५ जनाले ज्यान गुमाएका छन् । १८ महिला, ६ पुरुष र ४ बालबालिकासहित गरी २८ जना घाइते भएका छन् । ८२ घर र ३८ गोठ जल्दा ८ करोड २० लाख ४० हजार रुपैँया बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

सर्लाहीमा आगलागीबाट १ जनाको मृत्यु भएको छ । १३ जना घाइते भएका छन् । सर्लाहीमा १०० घर जल्दा ३ करोड ४१ लाख ७५ हजार ४०० रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

सप्तरीमा १ सय ७२ वटा आगलागीका घटनामा १ जनाको मृत्यु भएको छ । ५६ घर र २५ गोठ जलेका छन् । त्यहाँ ५ करोड ४१ लाख २३ हजार मूल्य बराबरको क्षति भएको छ ।

प्रदेश राजधानी धनुषामा १ सय ४५ वटा आगलागीका घटनामा हुँदा ६ जनाको मृत्यु र २३ जना घाइते भए । यस्तै ३ चौपाया जलेर मरे । २२ घर र ३ गोठ जलेर नष्ट हुँदा ८ करोड ४९ लाख १८ हजार ७ सय बराबरको क्षति भएको छ।

महोत्तरीमा १ सय ३० वटा आगलागी हुँदा १ जनाको जलेर निधन भएको छ । आगोले ३२ चौपाया मरेका छन् भने ८ चौपाया घाइते भए । त्यस्तै १ सय २० घर र ७१ गोठ जल्दा ४ करोड १४ लाख १६ हजार ३ सय बराबरको क्षति भयो ।

त्यस्तै रौतहटमा १ सय ८३ आगालागीका घटनाबाट ३ जनाको मृत्यु भएको छ भने ३ जना बालबालिकासहित १८ जना घाइते भएका छन् । रौतहटमा ४४ चौपायाको जलेर मर्दा २० वटा घाइते भएका छन् ।

यस्तै ४६ घर र ३८ गोठ जलेका छन् । जिल्लामा ४ करोड ९८ लाख १९ हजार ७३२ रुपैयाँको क्षति पुगेको छ ।

बारामा १ सय २१ वटा आगलागीका घटनाबाट २ जनाको मृत्यु हुँदा १९ जना घाइते भएका प्रहरीको तथ्याङ्क छ । त्यहाँ ५४ वठा पशुको जलेर मृत्यु भएको र १६ घाइते भएका छन् । ८४ घर र ३८ गोठमा क्षति पुग्दा ४ करोड १७ लाख ८ हजार ५ सय मूल्य बराबरको नोक्सानी भएको छ।

पर्सामा १ सय २८ आगलागीका घटनाबाट १ जनाको मृत्यु भएको छ । यस्तै आगोमा ६ जना बालबालिकासहित १३ जना जलेर घाइते भएका छन् ।

आगलागीबाट ५७ पशुको जलेर मरे । ५१ घर र १४ गोठ आगोको चपेटामा परेर जलेका छन् । जिल्लामा ५ करोड ७२ लाख ६२ हजार ८०० रुपैयाँ बराबरको क्षति भएको तथ्यांक प्रहरीसँग छ ।

यता, तराई मधेशको सयौं हेक्टर जंगलमा पानी नपर्दा डढेलो लाग्ने गरेको थियो । तर, पानी परेपछि डढेलोको समस्या पनि तत्कालका लागि टरेको छ ।

## एमाले सर्लाहीको नवौं जिल्ला अधिवेशन

# लोगो र नारा सार्वजनिक

**टुडे समाचारदाता**

मलंगवा । नेकपा एमाले सर्लाहीले आसन्न नवौं जिल्ला अधिवेशनको लोगो र नारा मंगलबार सार्वजनिक गरेको छ ।

एमालेले बिहान नवलपुरमा पत्रकार सम्मेलन गरी ४ दिनपछि सदरमुकाम मलंगवामा हुन लागेको जिल्ला अधिवेशनको लोगो र नारा सार्वजनिक गरेको छ ।



अधिवेशनको लोगोमा राष्ट्रिय झण्डालाई उच्च प्राथमिकतामा राखेर जिल्लाको मुख्य आकर्षण र महत्वपूर्ण प्राकृतिक ताल नाढीमन तालको पुनः उत्थान गरि नुपर्ने सन्देश दिइएको छ । त्यस्तै मधेशको शिर मानिने जिल्लाको उत्तरी चुरेक्षेत्रको संरक्षण, जिल्लाको मुख्य उत्पादन उखु र गोलभैंडाको महत्व लोगोमा झल्काइएको लोगो तथा नारा तयारी उपसमितिका संयोजक चूडामणि वाग्लेले बताए ।

त्यसैगरी अधिवेशनको नारा "जवजको मुल मार्ग : समृद्धिको यात्रा, सीमादेखि चुरेसम्म एमालेको झण्डा ! " भन्ने तय गरिएको छ । यो नाराले जनताको बहुदलीय जनवादको मुख्य बाटोमा सर्लाहीको समृद्धि, विकास र हित प्रवर्द्धन भएको र नेकपा एमालेको प्रभाव सीमा क्षेत्रदेखि उत्तरी चुरेसम्म उस्तै उर्वर रहेको सन्देश दिने एमाले सर्लाहीले दावी गरेको छ । एमाले सर्लाहीका अध्यक्ष राजनारायण साहले आफूहरु जिल्ला अधिवेशनलाई भव्य बनाउन लागि परेको बताए ।

एमाले सर्लाहीको नवौं जिल्ला अधिवेशन यही वैशाख ३० गते सदरमुकाम मलंगवामा सुरु हुँदैछ । अधिवेशनको मलंगवास्थित विश्वकर्मा चोकमा रहेको गोखुलराम साहको दुई बिघाको आँप बगैंचामा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने गरी तीव्र तयारी भइरहेको जिल्ला अध्यक्ष साहले बताए ।

अधिवेशन अन्तर्गत नयाँ नेतृत्व चयनका लागि बैशाख ३१ गते मलंगवास्थित कुसुम पार्टी प्यालेसमा बन्द सत्र सुरु हुनेछ । जेठ १ गते दिनभर सर्वसम्मतिको प्रयास गरिने र सहमति जुट्न नसके जेठ २ गते मतदान प्रक्रियाबाट नेतृत्व चयन गरिने पत्रकार सम्मेलनमा बताइएको छ ।

जिल्ला अधिवेशनमा आयोजक कमिटीका १ सय ४९ जना, जनसंगठनबाट ७४ जना, वडाबाट चयन भएर आएका ३ सय ८७ जना गरी ६ सय १० जना र आयोजक कमिटीले मनोनित गर्ने ५ प्रतिसत मनोनित ३१ जना प्रतिनिधि समेत गरी जम्मा ६ सय ४२ जना प्रतिनिधिले बन्द सत्र र निर्वाचन प्रक्रियामा भाग लिने छन् ।

अधिवेशनलाई सफल पार्न विभिन्न समिति, उपसमिति र कार्यदल गठन गरी तयारीको काम भइरहेको आर्थिक समितिका संयोजक एवं एमाले नेता रेवती पन्तले बताए ।

# एकैदिन २१ फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले एकैदिन २१ जना फरार प्रतिवादी पक्राउ गरेका छन् । जिल्ला प्रहरी कार्यालयबाट खटिएका विशेष प्रहरी टोलीले जिल्लाको विभिन्न स्थानबाट एकै दिन त्यतिको संख्यामा फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिएका छन् ।

पक्राउ परेकाहरू अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना तोकिएका प्रतिवादीहरू रहेको छ । उनीहरू सबैलाई अदालतसमक्ष बुझाइएको उनले बताए । उनका अनुसार प्रहरी प्रधान कार्यालय र मधेश प्रदेश प्रहरी कार्यालयको निर्देशन अनुसार फरार प्रतिवादी खोजतलास तथा कारबाही अभियान सञ्चालन गरिएको छ । अदालतको फैसला कार्यान्वयन इकाइद्वारा प्राप्त लगतका आधारमा फरार प्रतिवादी पक्राउ गरिरहेको प्रवक्ता अवाले बताए ।

कर्तव्य ज्यान, सवारी ज्यान, ठगीलगायत विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भएका तथा आरोपित फरार प्रतिवादीलाई खोजतलास गर्दै पक्राउ गरिएको छ । यसका लागि एक प्रहरी अधिकृतको नेतृत्वमा फरार प्रतिवादी खोजतलास टोली खटिएको उनले जानकारी दिए ।

प्रहरी चौकीलगायत अन्य प्रहरी युनिटबाट पनि जनशक्ति परिचालन गरेर फरार प्रतिवादी खोज्ने र पक्राउ गरी कानुनी दायराभित्र ल्याउने काम भइरहेको र यो अभियान निरन्तर चलिरहने प्रवक्ता अवाले बताए ।

# दुग्ध विकास संस्थानलाई सघाउँदै मधेस प्रदेश कृषि मन्त्रालय

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारको स्वामित्वमा रहेको दुग्ध विकास संस्थान, जनकपुर दुग्ध वितरण आयोजना ढल्केवरद्वारा उत्पादित घ्यूले बजार नपाएपछि मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खरिद गर्न थालेको छ ।




आयोजना प्रमुख दिनेशकुमार जोशीका अनुसार आयोजनाबाट उत्पादित घ्यू नबिकेपछि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेको निर्देशनमा यहाँका कर्मचारीले प्रतिमहिना एक लाख बराबरको घ्यू खरिद गर्न थालेका छन् । गत फागुनदेखि घ्यू खरिद सुरु भएको छ । गुठी संस्थानले पनि घ्यू खरिद गर्न थालेको छ ।

पशुपालन तथा दुग्ध व्यवसाय गर्ने किसानसँग उधारोमा दूध खरिद गर्दै आएको आयोजनाले साउनदेखि मङ्सिरसम्मको बक्यौता रकम तिरेको भए तापनि पुस-माघको एक करोड ३१ लाख तिर्न बाँकी छ ।

उक्त आयोजना अन्तर्गत १२ हजार किसान प्रत्यक्ष रूपमा आबद्ध भई आर्थिक लाभ लिन थालेका छन् । धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली तथा उदयपुरका संकलन केन्द्रमार्फत दूध संकलन हुने गरेको छ । जाडो याममा चार हजार लिटर तथा सुक्खा याममा प्रतिदिन दुई हजार लिटर दूध संकलन हुने गरेको छ ।

दूध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्दा आयोजनाको मापदण्डअनुसार गुणस्तर निर्धारण गरेर मात्र बिक्री गर्ने गरिएको छ । आयोजनाले उत्पादन गरेको दुग्धजन्य पदार्थ दैनिक तीन लाख मूल्य बराबरको बिक्री भइरहेको छ । आयोजनाले दूध, दही, घ्यू, पनिर, आइसक्रिमलगायत सामग्री उत्पादन गर्दै आएको छ ।

गर्मी याममा यहाँबाट उत्पादित दैनिक एक हजार दुई सयदेखि एक हजार पाँच सय लिटरसम्म दही बिक्री हुँदै आएको छ । अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको पशुपालनलाई तीनै तहका सरकारले प्राथमिकतामा राखेर व्यावसायिक उत्पादन वृद्धि गर्न अभिप्रेरित गरेमा किसानको जीवनस्तर सुधार हुनका साथै आर्थिक समृद्धितर्फको यात्रमा सफलता मिल्ने आयोजना प्रमुख जोशी बताउछन् ।

# मधेशमा दोधारमा माओवादी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्र मधेश प्रदेशको आन्तरिक विवादका कारण पार्टी दोधारमा पुगेको छ ।

माओवादी मधेश प्रदेश इन्चार्जसमेत रहेका केन्द्रीय सचिव लिलामणि पोखरेलले एक्लौटी ढंगले अघि बढ्न खोजेपछि मंगलबार बर्दिबासमा बसेको बैठकमा अधिकांश केन्द्रीय सदस्यहरु अनुपस्थित रहेका थिए ।



प्रदेश इन्चार्ज पोखरेलले आफूखुसी अघि बढेको आरोप लगाउँदै एक केन्द्रीय सदस्य बैठक बहिष्कार गरेको बताए ।

'पार्टीमा गुटगत हावी गर्न खोजेको र सीमित व्यक्तिको खल्तीमा राख्न खोजेपछि बैठकमा सहभागी हुनुको समेत कुनै अर्थ छैन', उनले भने ।

वितेको चैतमा भएको काठमाण्डुस्थित बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतिथ्यतामा भएको माओवादी केन्द्र मधेश प्रदेशका केन्द्रीय सदस्यहरुको बैठक विना निष्कर्ष स्थगित भएको थियो । सो बैठक ठोस निष्कर्षमा नपुग्दै लामो समयदेखि स्थगित रहेको थियो ।

'मधेशको समस्या मधेशमै समाधान गर्ने नीति अख्तियार गरे पनि प्रदेश इन्चार्ज पोखरेल एक्लौटीरुपमा कार्यविभाजन गर्दै बैठक आह्वान गरेकाले बहुमत केन्द्रीय सदस्यले बैठक बहिष्कार गरेका छौं', माओवादीका केन्द्रीय सदस्य जगत यादवले भने ।

बर्दिबासमा बसेको प्रदेश बैठकमा करिब दुई दर्जनभन्दा बढी केन्द्रीय सदस्य र वैकल्पिक सदस्यहरु सहभागी नै नभइ बहिष्कार गरेको उनले दाबी गरे ।

आगामी भदौंमा हुने प्रदेश सम्मेलनको तयारीका लागि बसेको बैठक प्रदेश इन्चार्ज लिलामणि पोखरेलले बालुवाटारमा भएको बैठकपछिको निर्णयलाई बेवास्ता गर्दै मधेश प्रदेशमा समेत बैठक नै नबसाइ आफु अनुकुल केन्द्रीय सदस्यको कार्यविभाजन गरी अघि बढेपछि हामीले विरोधस्वरुप बैठक बहिष्कार गरेको नेता यादवले बताए ।

सो बैठकमा माओवादीका केन्द्रीय सदस्य, वैकल्पिक सदस्य र सल्लाहकार तथा आयोग सदस्यहरुको बैठक बहुमत सदस्यले बहिस्कार गरेको उनको भनाइ छ ।

प्रदेश इन्चार्ज पोखरेलले पहाडिया अहंकारवादको दम्भमा निरंकुशता लाद्न खोजेपछि आफुहरुले बैठक बहिस्कार गरेको नेता यादवले प्रस्ट्याए ।

०८० चैत १८ मा काठमाण्डुस्थित बालुवाटारमा मधेश प्रदेशका केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रिय सदस्य, सल्लाहाकार र आयोगका सदस्यहरुको बैठकमा प्रदेश इन्चार्ज पोखरेलले १५ वटा लिखित एजेण्डा रहेको देखाउँदै आगामी बैठक चैत २९ गते मधेश प्रदेशमा बस्ने गरी सुचना सम्प्रषणसमेत गरेका थिए ।

तर चैत २९ गतेको प्रदेश बैठक नहुने र सो बैठक वैशाख ३ गते बस्ने भन्दै पुनः अर्को सुचना जारी गऱ्यो । तर बैठक बसेर छलफल गर्नु अघि नै चैत ३० गतेकै मितिमा प्रदेश इन्चार्ज पोखरेलले एकलौटी रुपमा कार्यविभाजन गरी बैठक डाकेकाले आफुहरु बैठक बहिष्कार गर्दै अनुपस्थित भएको नेता यादवले बताए ।

उनले बालुवाटारबाट सम्प्रेषण भएको बैठक एजेण्डाबाटै पुनः बैठक बस्नुपर्ने माग गरे । उनले भने, 'हामीलाई दिएको एजेण्डामा बैठक नै नगरी, छलफलै नगरी इन्चार्जले गुट बनाउँदै आफ्नो मान्छेहरुलाई जिम्मेवारी दिनुभयो । जुन निरंकुशता हो । त्यसैले सो कार्यविभाजन गरिएको भन्दै आएको परिपत्र तत्काल फिर्ता हुनुपर्छ, नत्र हामी मान्दैंनौ, हामी बहुमत सदस्यहरु कार्यविभाजनको विरोधमा छौं, त्यसैले बैठक बहिस्कार गरेका छौं ।'

निर्णय सच्चयाइएन भने हामी आफ्नो ढंगबाट अघि बढ्ने चेतावनीसमेत उनले दिए । उनले इन्चार्जले गरेको निर्णय तत्काल फिर्ता नलिएमा मधेश प्रदेशको कुनैपनि जिल्लामा बैठक नै बस्न नदिने भन्दै कडा चेतावनी दिए ।

निवर्तमान उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले आफु सो बैठकमा नगएको बताइन् । उनले कार्यव्यस्तताको कारणले आफु बैठकमा नगएको बताइन् ।

इन्चार्जको कार्यशैलीको विरोध गर्दै तत्काल कार्यविभाजन सच्याउनु पर्ने भन्दै वैशाख १७ गते एक दर्जन केन्द्रीय सदस्य तथा वैकलल्पिक केन्द्रीय सदस्यहरुले प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापन-पत्र समेत बुझाएका थिए ।

# बौद्धिक अपाङ्गता भएकाहरुलाई बजेट बिनियोजनको आग्रह

**टुडे समाचारदाता**

राजविराज । बौद्धिक अपाङ्गता भएकाहरुको हकअधिकारका लागि क्रियाशील बौद्धिक अपाङ्गता अभिभावक संघ सप्तरीले आवश्यक बजेट बिनियोजन गर्न स्थानीय, प्रदेश तथा संघीय सरकारसँग आग्रह गरेका छन् ।



संघको जिल्ला कार्य समितिको मंगलबार राजविराजमा बसेको बैठकले बौद्धिक अपाङगता भएकाहरुको जीवन सहज र हकअधिकारका लागि तीन वटै तहका सरकारसँग आवश्यक बजेट बिनियोजन गर्न यस्तो आग्रह गरेका छन् ।

बैठकले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको हकअधिकार, संरक्षण र सम्बर्द्धनका लागि जिल्लाका १८ वटै पालिकालाई आगामी आर्थिक वर्ष २०८१/८२ मा बजेट छुट्टयाउन ध्यानाकर्षण पत्र बुझाउने निर्णय भएको संघका अध्यक्ष जगदीश प्रसाद अर्यालले जानकारी दिए ।

बैठकले राजविराज ६ स्थित बहिरा बालक स्कुल परिसरमा अधुरो अवस्थामा रहेको दिवा तथा आवासीय विद्यालय भवन निर्माण कार्यलाई पूर्णता दिनका लागि मधेश प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाउने निर्णय गरेको छ ।

यस्तै बैठकले विद्यालय भर्ना भएका बौद्धिक अपाङ्गता भएका बालबालिकाको शिक्षा र तालिमका लागि संचालनमा ल्याइएको डे-केयर सेन्टरमा आवश्यक जनशक्तिका लागि शिक्षा मन्त्रालय अन्तर्गतको विशेष शिक्षा समितिमा प्रस्तावना पेश गरी बजेट बिनियोजनका लागि अनुरोध गर्ने निर्णय भएको संघका सचिव राधाकान्त झाले जानकारी दिए ।

सप्तरीमा करिब पाँच सयको हाराहारीमा बौद्धिक अपाङ्गता भएकाहरु रहेको संघले जनाएको छ । अपाङ्गता भएका व्यक्ति र तिनका अभिभावकहरुद्वारा संचालित संघलाई सबैले सहयोग गर्नुपर्ने बैठकपछि जारि प्रेस विज्ञप्तिमार्फत आग्रह समेत गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८